वार्षिक नगर विकास योजना

(आर्थिक वर्ष २०७८/०७९)

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी, प्रदेश, कपिलवस्तु, नेपाल

वार्षिक नगर विकास योजना (आर्थिक वर्ष २०७८/०७९)

बाणगङ्गा नगरपालिकाका विभिन्न कार्यक्रमहरूको झलक

बाणगङ्गा, नगरपालिकाको

वार्षिक नगर विकास योजना

(आर्थिक वर्ष २०७८/२०७९)

प्रकाशक :

बाणगङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

फोन नं. : ०७६-५५०३८३

Google+Code : M5QF+48

वेवसाईट : www.bangangamun.gov.np

ई-मेल : bangangamun@gmail.com

फेसबुक: हेल्लो बाणगङ्गा नगरपालिका (HBMBanganga)

बाणगङ्गा, नगरपालिकाको

वार्षिक नगर विकास योजना

(आर्थिक वर्ष २०७८/२०७९)

संरक्षकहरू

मङ्गलप्रसाद थारु
नगर प्रमुख
चक्रपाणि अर्याल
नगर उपप्रमुख

सम्पादन सल्लाहकार

बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

सम्पादक

बाबुराम भट्टराई
उपसचिव (अधिकृत-दशौं)

सम्पादक मण्डल

खिम बहादुर जि.सी.	– शाखा अधिकृत (अधिकृत-आठौं)
रामचन्द्र मरासिनी	– लेखा अधिकृत (अधिकृत-सातौं)
केशबराज भट्टराई	– शाखा अधिकृत (अधिकृत-सातौं)
शान्तराज आचार्य	– शाखा अधिकृत (अधिकृत-सातौं)
लक्ष्मी पौडेल भट्टराई	– (सहायक पाचौं)
दीपक थापा	– (कम्प्युटर अपरेटर)

प्रकाशक :

बाणगङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल
फोन नं. : ०७६-५५०३८३
वेवसाईट : www.bangangamun.gov.np
ई-मेल : bangangamun@gmail.com
फेसबुक: हेल्लो बाणगङ्गा नगरपालिका (HBMBanganga)

मुद्रण : शिरीष डिजाईनर्स अफसेट प्रेस, ४ नं., कपिलवस्तु, ०७६-५५०१७२

बाणगङ्गा, नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुखको तर्फबाट

मङ्गलप्रसाद थारू
नगर प्रमुख

बाणगङ्गा, नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

नगर उप-प्रमुखको तर्फबाट

चक्रपाणि अर्याल
नगर उप-प्रमुख

बाणगङ्गा, नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट

बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिका पदाधिकारीहरू

मङ्गलप्रसाद थारु
नगर प्रमुख

चक्रपाणि अर्याल
नगर उप-प्रमुख

बालकुमारी पन्त
वडाध्यक्ष-१

विष्णुप्रसाद पौडेल
वडाध्यक्ष-२

सन्तराम रौतार थारु
वडाध्यक्ष-३

गणेशबहादुर क्षेत्री
वडाध्यक्ष-४

भिष्मराज भुसाल
वडाध्यक्ष-५

सुकदेव थारु
वडाध्यक्ष-६

विष्णु गिरी
वडाध्यक्ष-७

गुणनिधि भुसाल
वडाध्यक्ष-८

ध्रुव बेल्वासे
वडाध्यक्ष-९

रामबिहारी चौधरी
वडाध्यक्ष-१०

सोमनाथ अर्याल
वडाध्यक्ष-११

टीका अधिकारी
नगरपालिका सदस्य

सरितादेवी ढकाल
नगरपालिका सदस्य

योगनाथ सुनार
नगरपालिका सदस्य

कृष्णबहादुर बि.क.
नगरपालिका सदस्य

गीता भुसाल
नगरपालिका सदस्य

केशरा गुरुङ्ग
नगरपालिका सदस्य

सावित्रा थारु
नगरपालिका सदस्य

पूर्णकला सुनार
नगरपालिका सदस्य

बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

विषय सूची

सि.नं.	विवरण	पेज नं.
१.	आ.व. ०७८।७९ को नीति तथा कार्यक्रम	१-११
	क) आर्थिक विकास नीति	३-४
	ख) सामाजिक विकास नीति	४-७
	ग) भौतिक पूर्वाधार विकास नीति	७-८
	घ) वन वातावरण तथा विपद् व्यवस्थापन नीति	८-९
	ङ) सुशासन तथा संस्थागत विकास नीति	९-१०
	च) कला, संस्कृति, पर्यटन तथा वैदेशिक समन्वय	१०-११
२.	नगरपालिकाको आ.व.०७८।७९ को बार्षिक बजेट वक्तव्य	१२-२१
३.	पाँचौं नगर सभा अधिवेशनका प्रथम र दोस्रो बैठकका निर्णयहरु	२२-२७
४.	आर्थिक ऐन, २०७८	२८-५६
	सम्पत्ति करको दर (अनुसूची(१)	३२
	बहाल करको दर (अनुसूची(२)	३३
	व्यवसाय करको दर (अनुसूची(३)	३३-४५
	कवाडी करको दर (अनुसूची(४)	४५-४६
	सवारी साधन कर (अनुसूची(५)	४६
	विज्ञापन करको दर (अनुसूची(६)	४७
	मनोरञ्जन करको दर (अनुसूची(७)	४७
	बहाल विटौरी शुल्क (अनुसूची(८)	४७-४८
	सेवा शुल्क, नक्सापास दस्तुर (अनुसूची(९)	४८-५४
	पशुजन्य उत्पादन निकासी शुल्क (अनुसूची(१०)	५५
	नदीजन्य पदार्थको चोरी निकासी र जरिवाना शुल्क (अनुसूची(११)	५५-५६
	भौतिक पूर्वाधार उपयोग तथा वातावरण व्यवस्थापन शुल्क (अनुसूची(१२)	५६
५.	विनियोजन ऐन, २०७८	५७-५९
६.	नगरपालिकाको आ.व.०७८।७९ को बार्षिक बजेट	६०-१०८
	स्वीकृत आय व्ययको विवरण (अनुसूची(१)	६०-६४
	आय र व्ययको स्रोत मिलान विस्तृत (अनुसूची(२)	६४-६५
	आय र व्ययको स्रोत मिलान संक्षिप्त (अनुसूची(३)	६६
	बजेट उपशीर्षक अनुसार बजेट बिनियोजन (अनुसूची(४)	६७-६९
	कार्यक्रम परियोजना अनुसार बजेट बिनियोजन (अनुसूची(५)	७०-१०८
	वडा नं. १	९१-९३
	वडा नं. २	९३-९४
	वडा नं. ३	९४-९६
	वडा नं. ४	९६
	वडा नं. ५	९६-९७
	वडा नं. ६	९७-९९
	वडा नं. ७	९९-१०१

विषय सूची

सि.नं.	विवरण	पेज नं.
	वडा नं. ८	१०१-१०२
	वडा नं. ९	१०२-१०४
	वडा नं. १०	१०४-१०६
	वडा नं. ११	१०६-१०८
७.	संघीय तथा प्रदेश सरकारमा माग गरिने योजनाहरु (अनुसूची (६)	१०९-१२८
८.	प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि माग गरिने योजनाहरु	१२८-१२९
९.	विभिन्न संघ संस्थाका आ.व.०७८।७९ को बार्षिक कार्यक्रमहरु	१३०-१३५
१०.	कर्मचरीहरुको तहगत संख्या विवरण	१३६
११.	बाणगङ्गा नगरकार्यपालिकाको आ.व.०७८।७९ को लागि स्वीकृत दरबन्दी चार्ट	१३७
१२.	कार्यपालिका पदाधिकारीहरुको विवरण	१३८
१३.	बाणगङ्गा नगरपालिका जनप्रतिनिधिहरुको विवरण	१३९-१४०
१४.	बाणगङ्गा नगरपालिका एवम् अन्तर्गत कार्यरत कर्मचारीहरुको विवरण	१४१-१४५
१५.	आ.व. २०७८/०७९ मा भुक्तानी हुनेगरी म्याद थप भएका योजनाहरु	१४६
१६.	आ.व.०७७।७८ मा सञ्चालित विभिन्न कार्यक्रमहरुको तस्वीर झलक	१४७-१४८

परिचय

विषय	विवरण
परिचय	बाणगङ्गा नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत कपिलवस्तु जिल्लामा पूर्वपश्चिम महेन्द्र राजमार्गसँग जोडिएको एक नगरपालिका हो।
नेपालको मानचित्रमा बाणगङ्गा नगरपालिकाको भौगोलिक अवस्थिति निम्नानुसार रहेको छ।	
प्रदेश	लुम्बिनी
जिल्ला	कपिलवस्तु
नगरपालिका	बाणगङ्गा नगरपालिका
वडा सङ्ख्या	११
फोन नं.	०७६-५५०३८३
Google + Code	M5QF+48
Email	bangangamun@gmail.com
भौगोलिक अवस्थिति	अक्षांश २७° ३५' ०९'' देखि २७° ४७' ००'' देशान्तर ८३° ०४' ००'' देखि ८३° १५' ५१''
क्षेत्रफल	२३३.६३ वर्ग किलोमिटर
उचाई	१०५ देखि ४९५ मिटरसम्म
सिमाना	• उत्तरतर्फ अर्घाखाँचीको सितगङ्गा नगरपालिका, पश्चिममा कपिलवस्तुको
	• बुद्धभूमि नगरपालिका र कपिलवस्तु नगरपालिका,
	• पूर्वमा रुपन्देहीको सैनामैना नगरपालिका र कञ्चन गाउँपालिका,
	• दक्षिणमा कपिलवस्तुको मायादेवी गाउँपालिका र शुद्धोधन गाउँपालिका र दक्षिण पूर्वमा रुपन्देहीको गैंडहावा गाउँपालिका
औसत लम्बाई	पूर्व-पश्चिममा लम्बाई : २२ कि.मी.
औसत चौडाइ	उत्तर-दक्षिण चौडाईः १४ कि.मी.
जलवायु	उष्ण

बाणगङ्गा नगरपालिकाको वडा विभाजन संघीयता पश्चात

वडा नं.	समावेश भएका साविक गा.वि.स.	साविक वडा नं.
१	वाणगङ्गा गा.वि.स	७,८,९
२	वाणगङ्गा गा.वि.स	१,२,३,४,५,६
३	गजेहडा गा.वि.स	३,४,५,६,८,९
४	गजेहडा गा.वि.स	७,२,१
५	कोपवा गा.वि.स	१,२,३,५,७
६	कोपवा गा.वि.स	४,६,८,९
७	मोतिपुर गा.वि.स	१,२,३
८	मोतिपुर गा.वि.स	४,५,६,७,८,९
९	भलवाड गा.वि.स	साविकका सबै वडाहरु
१०	पटना गा.वि.स	साविकका सबै वडाहरु
११	हथौसा गा.वि.स	साविकका सबै वडाहरु

बाणगङ्गा नगरपालिकाको वडा विभाजन संघीयता पूर्व

वडा नं.	समावेश भएका साविक गा.वि.स.	साविक वडा नं.
१	बाणगङ्गा	७,८,९
२	बाणगङ्गा	२,४,६
३	बाणगङ्गा	१,३,५
४	पटना	२,३,४,५,६
५	पटना	१,७,८,९
६	हथौसा	४,५,६,७,८
७	हथौसा	१,२,३,९
८	गजेहडा	९,३,८
९	गजेहडा	४,५,६
१०	गजेहडा	१,२,७
११	कोपवा	१,२,३,५
१२	कोपवा	४,६,७,८,९
१३	मोतिपुर	१,२,३
१४	मोतिपुर	४,६,७
१५	मोतिपुर	५,८,९
१६	भलवाड	१,२,३,४,५
१७	भलवाड	६,७,८,९

बस्तीहरू

वडा नं.	प्रमुख बस्तीहरू
१	उत्तमनगर, बैरिया, निवुवा, बैठनपुरा, मान्द्रेलीटोल, शान्तीटोल, श्रीनगर डाँडा, जितपुर र बुङ्ची
२	नन्दनगर, राजपुर, ताप्के, बैजलपुर, उत्तर पिपरा, दक्षिण पिपरा, कोलोनी टोल, गोवडिया, कप्टैया, गब्दैया, लखनपारा, कुनैया, तिनैया र बिसनपुरा
३	सिउटी, कर्महाना, तिलकहाना, बभनी, राजापानी, भक्तौली, धनकौली, झुँगा, गंगौलिया, ठाँटी र चम्किपुर
४	गजेहडा, सैनिक टोल, गोल्डेन होराइजन चोक, तिनकुने, कालाबन्जर, ठाकुरापुर, माथिल्लो ठाकुरापुर, निविया, लखरौवा, कुवेरापुर, झुँगा, तल्लो झुँगा, इट्टाभट्टी चोक, हरिहरपुर, माथिल्लो हरिहरपुर, शिवालय, डुगहवा, सालडाडा, शान्ति डाडा, सिद्धिपुर बजार, सिद्धिपुर, पुरानो टोल, दरखास्त गाउँ र ४ नं बजार
५	श्रीनगर टोल, व्याडा टोल, शान्ती टोल, मधौलिया टोल, मटेरिया, भठ्टा, दुर्गा नगर, ईट्टा भट्टा, , दक्षिण टोल, सिमलखोर, स्कुल टोल, खुटनी, लोहरीबगिया, सातमोहने, बैकुण्ठपुर, झण्डा गाउँ, फरवार, विद्यालय टोल, पथरैया टोल, सुन्दरनगर, नयाँ टोल, औरहिया, कोपवा गाउँ, बगहवा, झोलनीपुर, कोपवा बजार लाईन, अन्नपुर्ण टोल, र प्रतिडाँडा
६	बैदौली, झुलेनीपुर, सुठौली, वनकसिया, देउराली टोल, वनकसिया थारु टोल, भाट सुकुम्बासी टोल, अमौली, तिनघेरवा, फुलावारी टोल, भगलापुर, मन्दिर टोल, पिपरिया टोल, मनोहरापुर, गणेशपुर, गन्धर्व टोल, प्रतिडाँडा, लक्ष्मणघाट
७	वनरहवा, नयाँ गाउँ, वग्नहवा, भुईपुरा, बाडी गाउँ, कोइली बनगाई, उत्तर थारु गाउँ, नयाँ टोल, मोतिपुर डाडा, मोतिपुर, खधुर पाइला, धैरेनी डाँडा ख, मन्दिर टोल, बनगाई, शान्ती टोल, घेरवा बनगाई, पानी टंकी टोल, र तिनघेरवा
८	बोडगाउँ, बालापुर, शिशेनि, धनेशपुर, चप्परगाउँ, गन्सहवा, ढोडेकोल, बाणिगाउँ, उदयपुर, कुकरघोला, मोर्मी, कोइलिपार, बण्डौली, उदयपुर, लौगाई, मधुवन, बाणगंगा पुल्चोक, बाणगंगा क्रेशर, मधुवन र बण्डौली भाटा
९	चौवाह, भलवाड, बर्दहवा, बक्सिसपुर, जिनुवा, पूर्व जिनुवा, पश्चिम जिनुवा, पडरिया, भर्तापुर र भर्लावास
१०	भावपुर, भगवानपुर, पकडीचापा, जयपुर, बहादुरपुर, गोगापुर, बिरपुर, सोनपुर, मोतिपुर, धरमपुर, बालापुर, दानापुर, पिपरा, मझौवा, ठूलो ठेकही, सानो ठेकही, करैलिया, मेचकुरी, मेचकुरी डाँडा, पटना, अहिरौली, बनगवा, रत्तनपुर, गल्हा, सानो गल्हा, ठूलो गल्हा र नौगईया
११	हथौसा, मैनहरा, मैरी, देउवापार, ओदारी, मर्थि, प्रोजेक्ट टोल, घरबुधिया, भडसडवा, बनकटवा, भयिहवा, दक्षिण चेतिया, उत्तर चेतिया, चितरपुरा, बरवा र पदमपुर

बाणगङ्गा नगरपालिकाको जनसंख्या

घरधुरी सर्वेक्षण २०७७					क्षेत्रफल	राष्ट्रिय जनगणना २०६८	राष्ट्रिय जनगणना २०५८
वडा नं.	घरधुरी सङ्ख्या	जनसंङ्ख्या	पुरुष	महिला		जनसंङ्ख्या	जनसंङ्ख्या
१	१४०५	६८४५	३५०६	३३३९	५.७६	५३४१	४३३९
२	२३७०	११४१५	५८३३	५५८२	३०.१९	७७३९	६३५१
३	१४१७	७४९९	३८९८	३६०१	१०.५७	५७७६	४३४२
४	२३२९	११२९४	५८४२	५४५२	१०.४३	७७०३	६६१९
५	१४०६	७३२०	३७६२	३५५८	१०.३	५९६७	५४८२
६	१२१७	६३११	३२१७	३०९४	८.२१	४५६३	४२९६
७	१९०२	९४५१	४८९५	४५५६	७.०६	५७८१	४५३०
८	२५५१	११९४३	६२२६	५७१७	३४.९१	८६७९	६३४३
९	१६९०	८१९३	४२१६	३९७७	६१.१३	५७३२	५७८४
१०	१८१३	९३६७	५०१८	४३४९	३६.४३	८८८२	७७०४
११	२२२२	११२८७	६२५०	५०३७	१८.६८	९०७२	७६५९
जम्मा	२०३२२	१००९२५	५२६६३	४८२६२	२३३.६८	७५२४२	६३४४९

बाणगङ्गा नगरपालिकाको भू-उपयोग क्षेत्र

क्षेत्र	जम्मा व.कि.मि.	जम्मा हेक्टर	प्रतिशत
जङ्गल	११६.७	११६६६	४९.९०
खेतीयोग्य जमिन	९२.७७	९२७७.१	३९.७०
खोला नाला तथा पोखरी	१३.७६	१३७५.५	५.९०
बस्तीक्षेत्र	५.३७४	५३७.४४	२.३०
बाटो,खुला क्षेत्र तथा सार्वजनिक क्षेत्र	४.७४८	४७४.८२	२.००
व्यापारिक	०.०८८	८.८२	०.००
उत्खनन क्षेत्र	०.०८	८.०१	०.००
औध्यूयोगिक क्षेत्र	०.०६७	६.७३	०.००
संस्कृतिक तथा पुरातात्विक क्षेत्र	०.०२५	२.४९	०.००
अन्य क्षेत्र	०.००९	०.९५	०.००
जम्मा	२३३.५८	२३३५८	१००

आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रम

नवौं नगर सभामा पेश

०२ असार, २०७८

स्वीकृत मितिः २०७८।०३।०२ गते

र

आर्थिक वर्ष २०७८।०७९ को बजेट तथा कार्यक्रम

नवौ नगरसभामा पेश

०९ असार, २०७८

स्वीकृत मितिः २०७८।०३।०९ गते

बाणगङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष ०७८।७९ को लागि बाणगङ्गा नगरपालिकाको नवौं नगरसभाको प्रथम बैठकबाट स्वीकृत नीति तथा कार्यक्रम

नेपालको सार्वभौमसत्ता, अखण्डता, स्वाधीनता, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका निम्ति भएका विभिन्न जनआन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम यस बाणगङ्गा नगरपालिकाको नवौं नगरसभामा आ.व. ०७८।७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफूलाई गौरवान्वित भएको महसुस गरेको छु ।

नेपालको युगान्तकारी अग्रगामी परिवर्तनका लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्था स्थापना गर्न ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष र सबै किसिमको आन्दोलन तथा सङ्घर्षका क्रममा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीबाट स्वदेश तथा विदेशमा ज्यान गुमाउनु भएका सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । कोभिड-१९ बाट स्वदेश तथा विदेशमा संक्रमित हुनुभएका सबै नेपाली दिदीबहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

यस सङ्कटको घडीमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा अग्रपङ्तिमा अहोरात्र खटिनुहुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, विभिन्न संस्थाका एम्बुलेन्स चालक लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको उच्च प्रशंसा गर्दछु ।

जोखिमपूर्ण यस परिस्थितीमा आ-आफ्नो तहबाट खटिनुहुने जनप्रतिनिधि, राजनैतिक दल, सञ्चारकर्मी, उद्योगी, व्यवसायी, निजी क्षेत्र, नागरिक समाज, टोल विकास समिति, सञ्चारकर्मी, स्वास्थ्य स्वयंसेविका लगायत सबै व्यक्ति तथा संघ संस्थाहरूलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछु ।

नगर सभा सदस्यज्यूहरु,

अब म नगरको समग्र विकासको खाकाको रुपमा तयार गरेको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमलाई बुँदागत रुपमा प्रस्तुत गर्न चाहान्छु ।

(क) आर्थिक विकास

१. कृषिजन्य उत्पादन बृद्धि गरी आयात प्रतिस्थापन गर्दै निर्यात प्रबर्द्धनका लागि कृषि सम्वन्धी ज्ञान तथा सीप हासिल गरेका कृषि पेशामा रहेका र संलग्न हुन चाहने युवा तथा व्यवसायिक कृषकहरुको लागि मागमा आधारित ब्यवसायिक कृषि विकास कार्यक्रम सञ्चालन गरी रोजगारी सिर्जना गर्न एक गाउँ एक उत्पादनको अवधारणालाई निरन्तरता दिईने छ ।

२. कोभिड-१९ को कारण विदेशमा रोजगारी गुमाई स्वदेश फिर्ता भएका नागरिकहरूलाई उनीहरूको सीप र दक्षताको आधारमा उत्पादनमूलक कार्यमा लाग्न प्रोत्साहन गरिनेछ ।

३. प्रविधिमैत्री कृषिलाई प्रवर्द्धन गर्न स्मार्ट कृषि गाउँको अवधारणालाई क्रमशः बिस्तार गर्दै लगिनेछ ।

४. निर्माणाधिन कृषि उपज सङ्कलन केन्द्रको निर्माण कार्यलाई निरन्तरता दिईनेछ अन्य क्षेत्रहरुमा सम्भाव्यता अध्ययन गरी क्रमशः विस्तार गर्दै लगिनेछ ।

५. सिंचाई पहुँच नभएका ठाउँमा साना सिंचाई, सतह सिंचाई, स्यालो ट्यूवेल, डिप बोरिङ, ताल तलैया तथा पोखरी मर्मत जस्ता कार्यलाई प्राथमिकतामा राखी सिंचित क्षेत्रफलको विस्तार गरिदै लगिनेछ ।

६. नगरपालिका भित्रका जलासय र माछा पोखरीहरुलाई संरक्षण गर्दै व्यवसायिक माछा पोखरी निर्माण गर्ने समूह/सहकारी/फर्महरुलाई आवश्यक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

७. एक घर एक करेसाबारी एक गाउँ एक नर्सरी को अवधारणा अनुरुप स्वच्छ तथा ताजा तरकारी एवम् फलफूल उत्पादन गर्न भान्सा नै औषधालय कार्यक्रम सञ्चालन गरिनेछ ।

८. बिऊ प्रतिस्थापन दर बढाउनका लागि कृषक समूह/सहकारी/फर्म मार्फत खाद्यान्न तथा घाँसको बिऊ उत्पादन कार्यक्रमहरु सञ्चालन गरी नगरलाई क्रमशः बिऊमा आत्मनिर्भर गराउँदै लगिनेछ ।

९. परम्परागत र रैथाने रुपमा रहेका बालीहरुको वीउको संरक्षण र सम्बर्द्धन गर्न कृषकहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।

१०. रासायनिक मल तथा विषादीको प्रयोगलाई क्रमशः कम गर्दै प्राङ्गारिक खेती पद्दतिलाई प्रोत्साहन गर्दै लगिनेछ ।

११. कृषि उत्पादनबाट कृषकहरुले उचित मूल्य प्राप्त गर्ने सुनिश्चितता गर्न बजारीकरण, भण्डारण, नियमन तथा मूल्य श्रृङ्खलालाई व्यवस्थित गर्दै कृषकहरु लाभान्वित हुने व्यवस्था मिलाइनेछ ।

१२. कृषिलाई यान्त्रीकिकरण, विविधिकरण, विशिष्टिकरण मार्फत उत्पादकत्व अभिबृद्धि गर्न सामुहिक खेती प्रणालीलाई प्रवर्द्धन गर्दै आर्थिक सम्मुन्नती एवम् खाद्य तथा पोषण सम्प्रभुता सुनिश्चित गरिनेछ ।

१३. साना व्यवसायिक कृषि उत्पादन (पकेट) विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग र सहकार्य गर्ने व्यवस्था मिलाइनेछ ।

१४. कृषि प्रदर्शनी, कृषि मेला, कृषक भ्रमण, तालिम तथा अगुवा कृषक क्षमता विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ ।

१५. सीपलाई श्रम, श्रमलाई रोजगारी, रोजगारीलाई उत्पादन र बजारसँग जोड्न राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको माग अनुरुपका सीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरी रोजगारी सिर्जना मार्फत सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका समुदाय, बेरोजगार युवा, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम तथा एकल महिलाहरुको आर्थिक सामाजिक अवस्थामा रुपान्तरण गरी गरिबी निवारणमा योगदान गरिनेछ ।

१६. नगरका मुख्य बजार केन्द्रमा कृषि उपज सङ्कलन तथा बिक्री केन्द्रलाई व्यवस्थित गरिनेछ र नगरभित्र शीत भण्डार स्थापना गर्न संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ । नगर क्षेत्रभित्र उत्पादन हुने कृषि तथा पशुजन्य वस्तुहरूको खरिद तथा विक्रि वितरणको सहजताको लागि हाट वजारहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१७. नगरभित्र क्रियाशील सहकारीहरुको उत्पादन तथा बजारीकरणको लागि पहल गरिनेछ साथै विषयगत रुपमा एकिकरण र व्यवस्थापकीय रुपमा एकरुपताको लागि अगाडि बढाइनेछ । सहकारीहरुको पूजी परिचालन गरि उद्दमशिलता प्रवर्द्धन गर्न आवश्यक सहकार्य गर्दै लगिनेछ ।

१८. सहकारीहरुबाट नगरपालिकामा पेश हुने मासिक प्रतिवेदनहरुलाई अनलाईन माध्यमबाट प्राप्त गर्ने गरी व्यवस्था मिलाइने छ । नगरभित्र रहेका सहकारीहरुको नियमित अनुगमन गरीने छ । निष्क्रिय एवम्

नियम विपरित सञ्चालनमा रहेका सहकारीहरुलाई आवश्यक कानुनी कारवाही तथा खारेजीको प्रक्रियामा लगिनेछ ।

१९. औद्योगिक ग्रामका आवश्यक पूर्वाधार निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ । साना, लघु तथा घरेलु उद्योगहरुको सीप तथा प्रविधिहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।

२०. कृषकहरुको घरदैलोमा गई कृषि तथा पशु सम्बन्धी प्राविधिक सेवा तथा परामर्श प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

२१. कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक तथा कृषक सूचिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. नगरपालिकाका सबै वडाहरूमा माटो परीक्षण गरी प्राविधिकको राय अनुसारको व्यवसायिक फलफूल खेती, तरकारी र अन्न बाली का लागि आवश्यक परामर्श तथा आवश्यक सहयोग उपलब्ध गराईनेछ ।

२३. नगरको भू-उपयोग नीति तथा योजना निर्माण गरी कृषियोग्य भूमिको खण्डिकरण कार्यलाई निरुत्साहित गर्दै लगिनेछ ।

२४. नगरपालिकालाई तरकारी, मह बिऊ दुध, मासु र अण्डा उत्पादनमा आत्मनिर्भर बनाउनका लागि बाख्रापालन, मौरीपालन, भैसी तथा गाई पालन, कुखुरा पालन र बंगुरपालन व्यवसायको सुरूवात गर्ने कृषक तथा युवाहरूलाई प्रोत्साहन गर्नका लागि उन्नत जातका बिऊ तथा चल्ला र बोका वितरण तथा पशु नश्ल सुधार कार्यक्रम तथा सो क्षेत्रमा आवश्यक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि विज्ञहरूको सहभागितामा दीर्घकालीन कृषि सम्बन्धी नीति तयार गरी लागू गरिनेछ ।

२६. उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने व्यावसायिक कृषकहरूलाई उत्पादनको आधारमा थप अनुदान दिने व्यवस्था मिलाइनेछ । साथै पशुपंक्षी तथा बालीको संरक्षणको लागि पशु तथा बाली विमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२७. छाडा चौपाया व्यवस्थापनको लागि शान्ता कुञ्ज मधुवन धाम गौशाला निर्माण कार्यलाई थप व्यवस्थापन गर्दै लगिनेछ । सो को व्यवस्थापनमा संघ, प्रदेश सरकार र अन्य धार्मिक तथा सामाजिक संस्थाहरुसँग आवश्यक सहकार्य गरिनेछ ।

२८. बाणगङ्गा नगरपालिका अन्तर्गत रहेका मधुवन धाम, कपिलधाम, लक्ष्मण घाट, राम दतिवन, राजापानी लगायत धार्मिक सांस्कृतिक पर्यटकीय स्थलहरुलाई समेटी बाणगङ्गा पर्यटन सर्किटको रुपमा विकास गर्न गुरुयोजना तयार गरी एकिकृत विकासको लागि पहल गरिनेछ । साथै अन्तरराष्ट्रिय बौद्धिष्ट पार्कको गुरुयोजना तयार गरी निर्माणको लागि पहल गरिनेछ ।

२९. बाणगङ्गा नगरपालिका र चिनको छिचौं नगरपालिकासँग भगिनी सम्बन्ध स्थापित गरी द्वीपक्षीय हितका क्षेत्रहरुमा आवश्यक सहकार्य, समन्वय, साझेदारी तथा पारस्परिक सम्बन्ध स्थापित गर्दै लगिनेछ ।

३०. बेतेनी (कपिलधाम) मोर्मी कोईली खोलालाई जलाशयको रुपमा विकास गरी सिंचाईका अतिरिक्त जलविहारको लागि एकिकृत योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन संघ तथा प्रदेश सरकारसंग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

३१. नगरपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको प्रचार प्रसारको लागि पर्यटन प्रोफाईल तयार गरी ब्रोसर

प्रकासन गर्ने तथा पर्यटन डकुमेन्ट्री तयार गरी सार्वजनिक गरिनेछ ।

३२. थारु संस्कृतिलाई संरक्षण तथा सम्बर्द्धन गर्दै कला संस्कृतिको बजारीकरण मार्फत होम स्टे सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्न आवश्यक प्रोत्साहन गरिनेछ ।

३३. एकल महिला, बेरोजगार युवा, अल्पसङ्ख्यकहरुको लागि व्यवसायिक तथा सीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गर्ने र विभिन्न विषयमा तालिम लिएका व्यक्तिहरूलाई सूचीकरण गरी सम्बन्धित विषयको ज्ञान र सीपको आधारमा व्यवसायिक उद्यमतर्फ लाग्नका लागि प्रोत्साहन गरिनेछ ।

३४. महिलाहरुको सक्रिय सहभागितामा सञ्चालनमा रहेका सहकारीहरु, लघु उद्योगहरुलाई प्राथमिकतामा राखी प्रोत्साहन गरिनेछ ।

(ख) सामाजिक विकास नीतिः

३५. नगरक्षेत्रभित्र रहेका विभिन्न जातजाती तथा भाषा भाषी र धार्मिक समुदायको मौलिक संस्कृति, रीतिरिवाज तथा परम्परागत ज्ञान सीपको संरक्षण तथा प्रवर्द्धन गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. नगरक्षेत्रभित्र रहेका अपाङ्ग, दलित, मुस्लिम, लैङ्गिक तथा यौनिक, अल्पसङ्ख्यक, विपन्न, एकल महिला, जेष्ठ नागरिक, पिछडिएको वर्ग तथा समूहको आर्थिक तथा सामाजिक उत्थान एवम् सशक्तीकरणका लागि क्षमता विकास, संरक्षण एवम् मूलप्रवाहीकरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

३७. नगरपालिकाभित्र रहेका असहाय र अपाङ्ग लैंगिक हिंसामा परेका तथा सडक बालबालिकाहरूको संरक्षणका लागि वालवालिका विशेष कोष स्थापना गरी संरक्षण र उद्दारका कार्यक्रम सञ्चालन गरिनेछ साथै फरक क्षमता भएका बालबालिकाको शैक्षिक यात्राको निरन्तरताका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३८. समाजमा विद्यमान लैङ्गिक हिंसा र लागू पदार्थको दुर्व्यसनी समेतका सामाजिक कुरीतिहरूलाई निरूत्साहित गर्न त्यस्ता गतिविधिहरूको नियन्त्रण तथा रोकथामका कार्यमा संलग्न संघ संस्थाहरूसँगको सहकार्यमा सामाजिक मनोविमर्श तथा सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरी घर परिवार र समाजमा पुनःस्थापना हुने व्यवस्था मिलाइनेछ ।

३९. नगरक्षेत्रभित्र स्वच्छ पिउनेपानीको पहुँच नभएका बस्ती र परिवारको पहिचान गरी स्वच्छ पिउनेपानीको पहुँच सुनिश्चितता गर्दै एक घर एक धाराको अभियान सञ्चालन गर्न संघ र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।

४०. भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको संकलित लगत बमोजिम जग्गा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

४१. विद्यालयमा पूर्ण भर्ना अभियानलाई निरन्तरता दिँदै विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन हुने खालका अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन गर्नुको साथै विद्यार्थीहरूले अनुभव गर्ने खालका शैक्षिक कार्यक्रम सञ्चालन गरी उनीहरूको प्रतिभालाई सीपसँग आवद्ध गराउने व्यवस्था मिलाइनेछ ।

४२. आधारभूत तहको कक्षा १ मा भर्ना हुने विद्यार्थीलाई भर्ना हुनुभन्दा अगाडि १ वर्ष बालविकास केन्द्रको

अनुभव पश्चात मात्र कक्षा १ मा भर्ना गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

४३. बाल विकास केन्द्रको अध्ययन पूरा गरेका बालबालिकाहरूलाई विद्यालयमा स्थानान्तरण गरी अध्ययन कार्यलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने प्रोत्साहनमूलक कार्यहरूको पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

४४. विद्यालयहरूको कक्षा कोठाको शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाई गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षकहरूको सीप तथा क्षमता अभिवृद्धि गर्न आवश्यकता अनुसार क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४५. शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि विद्यार्थी तथा शिक्षक सङ्ख्या, भौगोलिक दुरी समेतको आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गर्ने कार्यलाई प्राथमिकताका साथ निरन्तर अगाडि बढाईने छ ।

४६. वाल विकास केन्द्रको सिकाइ उपलब्धिलाई प्रभावकारी र गुणस्तरीय वनाउनका लागि सहयोगी कार्यकर्तालाई आवश्यक प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ साथै हाल कार्यान्वयनमा रहेको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

४७. बाणगङ्गा नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरी यसको दिगोपनाको लागि स्थानीय आमा समूह, युवा क्लब, टोल विकास समिति, बालक्लब, स्थानीय महिला स्वास्थ्य स्वयं सेविका लगायत अन्य सरोकारवाला व्यक्ति तथा संघ संस्थासँग समन्वय र सहकार्यमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४८. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई वृद्धि गर्न मूल्याङ्कन प्रणालीलाई विश्वसनीय बनाउने साथै संस्थागत विद्यालयहरुको पाठ्यक्रमलाई एकरुपतामा ल्याउने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

४९. शैक्षिक रणनीतिक योजना निर्माण/अद्यावधिक गर्दै सरोकारवालाहरु बिच निरन्तर संवाद, छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै कार्यान्वयनमा लगिनेछ । विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक नियमनको व्यवस्थालाई प्रभावकारी बनाईनेछ ।

५०. विद्यालयमा छात्राहरूको नियमितताको लागि निःशुल्क रूपमा स्यानीटरी प्याड उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ साथै किशोर किशोरीहरुको शारीरिक तथा मानसिक क्षमता विकासका लागि विभिन्न सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५१. विद्यालयहरुको कक्षा कोठा, विज्ञान प्रयोगशाला, पुस्तकालय लगायतका पूर्वाधारहरुको निर्माण तथा स्तरोन्नतिका साथै शैक्षिक संस्थाहरुलाई सूचना प्रविधिमैत्री बनाई गुणस्तरीय शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइने छ । यसका साथै प्र.अ. तथा शिक्षकसँग जिम्मेवारी बढाउन कार्य सम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइने छ ।

५२. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ सङ्क्रमणको दोस्रो लहरको कारणबाट विद्यालय सञ्चालन हुन नसकी पढाइ हुने दिनहरू कमी हुने भएको हुँदा उक्त ग्याप पूरा गर्न अतिरिक्त कक्षा साथै वैकल्पिक सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

५३. बालबालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको सम्भावनाका आधारमा खेलकुद प्रतियोगिता सञ्चालन गरी विद्यार्थी तथा युवाहरूलाई

खेलप्रति उत्प्रेरित गराउने व्यवस्था मिलाइनेछ ।

५४. आधारभूत तहका थप कक्षाहरुमा कपिलवस्तु र बौद्ध शिक्षा विषयको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी लागू गरिनेछ साथै उच्च शिक्षामा समेत विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

५५. विद्यालयमा सुशासन, पारदर्शीता, जवाफदेहिता प्रबर्द्धनमा जोड दिई विद्यालयमा एकिकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली (Integreted Education Management Information System-IEMIS) र विद्युतीय हाजिरीलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

५६. उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालय, विषयगत शिक्षक र विद्यार्थीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

५७. नगरस्तरीय मेयर कप, राष्ट्रपति रनिङ्गशील्ड लगायतका विभिन्न खेलकुद कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । नगरभित्रका प्रतिभावान खेलाडीहरुको पहिचान, प्रोत्साहन तथा सम्मान गरिनेछ ।

५८. नेपाल सरकारबाट सञ्चालन भएका स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाइनुका साथै गर्भवती महिलाको पोषण अवस्थामा सुधार गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउनका लागि प्रोत्साहन गरिनेछ । विगत आर्थिक वर्षदेखि सञ्चालनमा रहेका अण्डा वितरण, महिला स्वास्थ्य स्वयंसेविकाहरू र आमा समूहको बैठक सञ्चालन सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइने छ ।

५९. ज्येष्ठ नागरिक, अपाङ्ग, असहाय र गर्भवती महिलाहरूलाई घर-दैलोमा सेवा दिने कार्यलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । साथै सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६०. नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने सेवालाई चुस्त बनाउन आवश्यक पर्ने पूर्वाधार, जनशक्ति र स्वास्थ्य सामग्री थप गरी गुणस्तरीय सेवा उपलब्ध गराइनेछ । यसको लागि स्वास्थ्य कर्मीहरूलाई आवश्यक प्रोत्साहन गरिनेछ ।

६१. कोभिड-१९ संक्रमणको दोस्रो लहरको असर रहँदाको अवस्थासम्मको लागि आईसोलेसन सेन्टर र होम आईसोलेसनमा बसेका व्यक्तिहरूलाई स्वास्थ्यकर्मीबाट आवश्यक निगरानी, परामर्श र स्वास्थ्य उपचारको व्यवस्था मिलाइनेछ साथै अन्य सरुवा रोग तथा महामारी रोगहरुको नियन्त्रणका लागि आवश्यकता अनुसार विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६२. यस नगरपालिका क्षेत्रभित्र कोभिड-१९ संक्रमणको रोकथाम र नियन्त्रणको लागि बढीभन्दा बढी नागरिकहरूलाई परीक्षणको दायरामा ल्याईनेछ । सबै नगरबासीहरुलाई कोभिड-१९ विरुद्धको खोपको लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरी खोप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

६३. नेपाल सरकारद्वारा निःशुल्क रूपमा उपलब्ध गराईएका औषधीहरूको उपलब्धतालाई सुनिश्चित गर्दै आर्थिक अवस्था कमजोर रहेका मधुमेह र उच्च रक्तचापका विरामीहरूले प्रयोग गर्ने औषधी निशुल्क रूपमा उपलब्ध गराउने र गर्भवती महिलाहरूलाई नगरपालिकाको तर्फबाट आईरन तथा क्याल्सियम चक्की निःशुल्क रूपमा वितरण गर्ने गर्ने व्यवस्था मिलाइनेछ ।

६४. पिपरा अस्पतालको सेवा विस्तार तथा सेवाको गुणस्तर अभिबृद्धि गर्न औषधी उपकरणहरुको प्रवन्ध र जनशक्तिको व्यवस्थापन र आवश्यक थप संरचनाहरुको व्यवस्थापनको लागि प्राथमिकताका साथ लागू गरिनेछ साथै यस अस्पतालको सेवा विस्तार गरी ट्रमा सेन्टरको रुपमा समेत विकास गर्न संघ तथा प्रदेश

सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

६५. नगरक्षेत्रभित्र रहेका सामुदायिक तथा नीजि अस्पतालहरुको सेवाको गुणस्तरीयता अभिबृद्धिका लागि आवश्यक सहयोग र सहकार्य गर्दै नियमनको व्यवस्थालाई समेत प्रभावकारी बनाउँदै लगिनेछ । संघ, प्रदेश तथा अन्य सम्बद्ध निकायहरुको सहकार्यमा अक्सिजन प्लान्ट निर्माण कार्यलाई अगाडी बढाईनेछ ।

६६. विभिन्न संघ संस्था वा विशेषज्ञको समन्वय र सहकार्यमा नगरक्षेत्रभित्र आवश्यकता अनुसार निःशुल्क विशेषज्ञ स्वास्थ्य सेवा सहितका शिविरहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

६७. सबै नगरबासीहरुलाई स्वास्थ्य बीमाको दायराभित्र ल्याउन आवश्यक प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६८. सुरक्षित मातृत्व, पोषण, खोप, प्रजनन स्वास्थ्य, क्षयरोग, कुष्ठरोग निवारण, बालस्वास्थ्य, परिवार नियोजन तथा सुरक्षित गर्भपतन, यौनरोग तथा एच.आई.भी. एड्स, सामुदायिक स्वास्थ्य, सिकलसेल एनिमिया जस्ता स्वास्थ्य सम्बन्धी विषयमा विभिन्न प्रवर्द्धनात्मक एवम् निरोधात्मक कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

६९. घरमा प्रसुती शुन्य (Zero Home Delivery) नगरपालिका बनाउनका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न स्वास्थ्य संस्थाहरुको प्रशासनिक व्यवस्थापन र भौतिक संरचनाहरुलाई स्तरोन्नति गरिँदै लगिनेछ साथै सबै वडाहरुमा व्यवस्थित खोप केन्द्र निर्माण गर्नका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

७०. महिला स्वास्थ्य स्वयं सेविकाहरुले समुदायमा पुर्‍याएको योगदानको उच्च मुल्याङ्कन गर्दै उचित प्रोत्साहनको ब्यवस्था मिलाइने छ ।

७१. यस नगरक्षेत्रभित्र मृगौला प्रत्यारोपण, जटिल मुटुको शल्यक्रिया, स्पाईन सर्जरी सम्बन्धी जटिल शल्यक्रिया जस्ता उपचारमा कार्यविधि बमोजिम केही राहत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

७२. युवाहरुको नेतृत्व र क्षमता विकास हुने खालका कार्यक्रमहरुलाई प्रोत्साहन दिई सञ्चालन गरिनेछ ।

७३. आयुर्वेदिक, योग एवम् प्राकृतिक चिकित्सा लगायत वैकल्पिक चिकित्सा प्रणालीको विकास, विस्तार र प्रबर्द्धन गरिनेछ । नगर भित्र आयुर्वेदिक औषधिहरुको नियमित उत्पादन तथा सहज वितरणको व्यवस्था मिलाइनेछ । कोभिड-१९ को नियन्त्रण तथा रोकथामका लागि आयुर्वेद सेवालाई समेत परिचालन गरिनेछ ।

७४. आयुर्वेद औषधालयको जग्गा प्राप्ति, संरक्षण र भवनको लागि DPR तयार गर्नुका साथै आयुर्वेद औषधालयलाई आयुर्वेद अस्पतालको रुपमा स्तरोन्नति गर्न पहल गरिनेछ ।

७५. योग अभ्यास, ध्यान, सकारात्मक सोंच तथा नेतृत्व विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरी नगरवासीहरुको जीवन पद्धतिको रुपमा विकास गर्दै आरोग्यता र स्वस्थ व्यवहार प्रवर्द्धन गरिनेछ साथै मूल्य शिक्षा तथा नैतिक शिक्षालाई प्रवर्द्धन गरी नैतिक तथा चरित्रवान नागरिक विकास गर्नको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७६. नगरक्षेत्रमा पुस्तकालय तथा ज्ञानकेन्द्र स्थापना गरी ज्ञानमा आधारित समाज तथा अध्ययनशील संस्कृतिको विकासलाई प्रवर्द्धन गरिनेछ ।

७७. नगरपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थल, मठ, मन्दिर, गुम्वा र मस्जिदहरूको संरक्षण र सम्र्बद्धन गर्दै आन्तरिक तथा वाह्य पर्यटनको आधारको रुपमा विकास

गरिदै लगिनेछ ।

७८. नगरपालिका भित्र रहेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिलाहरुलाई परिचय पत्र उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ साथै नगरपालिकाबाट प्रदान गरिने सेवाहरुमा परिचयपत्रको आधारमा आवश्यक छुट तथा सहुलियतको व्यवस्था मिलाइने छ ।

७९. कोभिड-१९ पछिको थप रणनीति र कार्ययोजना तयार गरी क्षेत्रगत विशेष कार्यक्रम सञ्चालन गरिनेछ । महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिव तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवम् आय आर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८०. सामाजिक कुरीति, लैंगिक हिंसा, कुसंस्कार र जातीय विभेद, छुवाछुत, बेरोजगारी र सामाजिक विभेदका कारण समुदाय तहमा हिंसा, अपराध तथा बढ्दो मानसिक विचलन तथा आत्महत्या रोकथाम तथा नियन्त्रणका लागि नगरपालिका स्तरमा मनोसामाजिक परामर्श कार्यलाई निरन्तरता दिईनेछ ।

८१. नगर क्षेत्रबाट वैदेशिक रोजगारमा जाने युवाहरुको तथ्यांक अद्यावधिक गरी सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८२. रोजगार बैंक स्थापना गरी वेरोजगार युवाहरुलाई सूचीकृत गरी नगरमा सञ्चालन हुने परियोजनाहरुमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ साथै सुचिकृत वेरोजगार युवाहरुलाई १०० दिनको पारिश्रमिक सुविधा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईने छ ।

८३. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन गर्न पोषणमैत्री वार्ड घोषणाका लागि विशेष अभियान सञ्चालन गरिनेछ । यसका लागि क्रमशः एक वडा एक नमूना गाउँको अभियान यसै वर्षबाट कार्यान्वयन गरिनेछ ।

८४. लैङ्गिक तथा घरेलु हिंसा, एकल महिला, अपाङ्गता, यौन शोषण लगायत जोखिममा परेका बालबालिका, यौनिक तथा लैंगिक अल्पसङ्ख्यकहरुलाई दृष्टिगत गरी अवसर र हित प्रबर्द्धन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८५. "नगर प्रमुखको अभिभावकत्व, बाल स्वास्थ्यमा अपनत्व" भन्ने मूल कार्यक्रम अन्तर्गत बाल स्वास्थ्यका कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।

८६. नगर उपप्रमुखसँग ज्येष्ठ नागरिक कार्यक्रम अन्तर्गत "मर्यादित समाज, दिव्य संस्कार, ज्येष्ठ नागरिकाको सम्मानमा स्थानीय सरकार" भन्ने नाराका साथ जेष्ठ नागरिकहरुको स्वास्थ्य हेरचाह, ज्ञान सीप हस्तान्तरण तथा सम्मान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८७. "सर्वाङ्गीण स्वास्थ्य हाम्रो लक्ष्य, गतिशील विकासमा वार्ड अध्यक्ष" नारा सहित सम्बन्धित वडाहरुमा सरसफाइ अभियान र हरियाली प्रवर्द्धन कार्यक्रम नियमित सञ्चालन गरिनेछ ।

(ग) पूर्वाधार विकास सम्बन्धी नीति

८८. नगरपालिकाको नगर सडक यातायात गुरूयोजना (MTMP) निर्माण गरी नगरक्षेत्रका सडकको मापदण्ड (Right of way) तोकिनेछ साथै एकीकृत सहरी विकास तथा बसपार्कको गुरुयोजना तयार गरी निर्माण प्रक्रियालाई अगाडि बढाईने छ ।

८९. नगरस्तरीय सडक संजाल विस्तार तथा स्तरोन्नति, नदी तथा खोलाहरुमा पुल र कल्भर्ट निर्माण तथा

नगरस्तरीय विभिन्न परियोजनाहरु संघ तथा प्रदेश सरकारहरुसँग आवश्यक समन्वय सहकार्य र साझेदारी गरी निर्माण कार्यलाई अगाडि बढाउन पहल गरिनेछ । न्यूनतम संरचनाहरु निर्माण गरे पश्चातमात्र सडक कालोपत्रे गर्ने व्यवस्था मिलाइनेछ ।

९०. उज्यालो बाणगङ्गा अभियान अन्तर्गत नगर क्षेत्रभित्रका आवश्यक स्थानहरुमा सडक सौर्यबत्ति जडान कार्यलाई निरन्तरता दिईनेछ । नगरका मुख्य चोकहरुमा CCTV संजाल निर्माण गर्दै लगिनेछ ।

९१. उपभोक्ताबाट सञ्चालन गरिने भौतिक पूर्वाधारका योजना तथा नगरबाट सञ्चालन हुने प्रविधि हस्तान्तरणका कार्यक्रमहरुमा लागत सहभागिताको अंशलाई निरन्तरता दिईनेछ । हेवी ईक्वीपमेन्ट, उच्च प्राविधिक ज्ञान, सीप र क्षमता आवश्यक पर्ने निर्माण कार्यहरुमा प्रचलित कानुन बमोजिम ठेक्का प्रक्रियाबाट सञ्चालन गरिनेछ ।

९२. चक्रपथको ट्रयाक विस्तार र स्तरोन्नतिलाई निरन्तरता दिईने छ साथै चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकी अधुरा रहेका र क्रमागत आयोजनाहरूलाई प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गरी सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ ।

९३. नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण गर्दा अपाङ्गमैत्री, ज्येष्ठ नागरिकमैत्री, बालमैत्री, वातावरण मैत्री र विपत तथा प्रकोप उत्थानशील हुने गरी विकास निर्माणका कार्यहरू अगाडि वढाउने व्यवस्था मिलाइनेछ ।

९४. नगरपालिका तथा वडास्तरबाट आयोजनाहरू छनौट गर्दा उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, स्थानीय स्तरबाट जनश्रमदान जुट्ने र दीगोपना भएका आयोजनाहरू छनोट गर्नका लागि प्रोत्साहित गरिनेछ ।

९५. बाणगङ्गा र भङ्गलाको दोभानमा जलाधार संरक्षण र सिंचाई व्यवस्थाका लागि सम्भाव्यता अध्ययन गरी संघ तथा प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।

९६. नगरपालिकामा निर्माण भएका भौतिक पूर्वाधारहरुको गुणस्तरीयता परीक्षणका लागि आवश्यक प्रविधि उपकरण तथा तेस्रोपक्ष मूल्याङ्कनको व्यवस्था मिलाइनेछ ।

९७. रणनीतिक पूर्वाधारको क्षेत्रमा सम्भाव्यताको आधारमा सार्वजनिक नीजि साझेदारीको नीतिलाई अवलम्बन गरिनेछ ।

९८. सार्वजनिक तथा नीजि संरचनाहरु निर्माण गर्दा भुकम्पिय जोखिम न्युनिकरण गर्ने तर्फ ध्यान दिंदै भवन निर्माण मापदण्ड र भवन संहिताको पूर्ण रुपमा पालना गर्न र मापदण्ड लागू हुनुपूर्व बनेका घरहरुको अभिलेखिकरणमा थप सहजता सिर्जना गर्न आवश्यक व्यवस्था गरिनेछ । नगरपालिकाका सम्पूर्ण घरधुरीहरुको घर नम्वर राखी त्यसको अभिलेख व्यवस्थित गर्दै लगिनेछ ।

९९. बढ्दो सवारी चापका कारण हुन सक्ने सम्भावित सडक दुर्घटनाहरुलाई न्यूनिकरण गर्न आकाशे पुल निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक सहकार्य समन्वय र साझेदारीको लागि पहल गरिनेछ । विद्यालय तथा समुदाय स्तरमा ट्राफिक सचेतना सम्बन्धी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१००. नगरस्तरीय गौरवका आयोजनाहरुलाई निरन्तरता दिईनेछ । ठूला र गौरबका योजना निर्माणका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था संघ तथा प्रदेश सरकारको सहयोगमा जुटाइनेछ ।

१०१. बुद्धरङ्गशाला, मायादेवी रङ्गशाला, कवर्डहल लगायतका खेल पूर्वाधारको स्तरोन्नतिको आवश्यक व्यवस्था मिलाइनेछ । एक वडा एक खेलमैदान कार्यक्रम अनुसार प्रत्येक वडामा कम्तिमा १ वटा खेलमैदानको निर्माण तथा स्तरोन्नतिको व्यवस्था मिलाइनेछ ।

१०२. लक्ष्मणघाट र श्रृङ्गीघाट दाहसंस्कार स्थललाई व्यवस्थित गर्दै लगिनेछ ।

१०३. सम्बद्ध निकाय एवम् पक्षहरुसँग आवश्यक सहकार्य गरी विद्युत चुहावट मुक्त नगर बनाउने अभियानलाई निरन्तरता दिईनेछ ।

१०४. आयोजनाहरु तोकिएको परिमाण, गुणस्तर, लागत र समयमा सम्पन्न हुने गरी निर्माण गरिनेछ साथै निर्माण सम्पन्न भएका पूर्वाधारका योजनाहरुको नियमित मर्मत सम्भार गरी दिगो बनाउँदै लगिनेछ ।

१०५. सरसफाइका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी पूर्णसरसफाइ युक्त नगरपालिका बनाउन शौचालय नभएका अति विपन्न नागरिक र कच्ची शौचालय भएका नगरवासीलाई पक्की शौचालय निर्माण गर्न आवश्यक पर्ने न्यूनतम निर्माण सामग्री सम्वन्धित टोल विकास समिति र वडा कार्यालयको सिफारिसको आधारमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

१०६. म सफा गर्छु मेरो नगर सरसफाइ अभियानलाई निरन्तरता दिईने छ ।

१०७. सडक भवन तथा अन्य भौतिक पूर्वाधारहरुको निर्माण गर्दा सन्तुलित, दिगो तथा उत्थानशील विकास अवधारणालाई अवलम्बन गरिनेछ । हरित नगर प्रवर्द्धन गरी वातावरणीय प्रदुषण न्युनिकरण गर्न एवम् सडक सुरक्षा समेतको कार्यको लागि सडकको दायाँवायाँ वृक्षरोपण गर्ने व्यवस्था मिलाइनेछ ।

१०८. बाणगङ्गा लगायत नदीहरुको एकिकृत विकासको डिपिआर तयार गरी नदी नियन्त्रण, तटबन्ध निर्माण गरी जग्गा उकास तथा संरक्षण गर्न संघ, प्रदेश सरकार र अन्य निकायहरुसँग आवश्यक सहकार्य र साझेदारी गरिनेछ । यसरी उकास भएको जग्गा नापजाँच गरी नगरपालिकाको स्वामित्वमा ल्याउन पहल गरिनेछ ।

१०९. नविकरणीय उर्जा (बायोग्यास, विद्युतीय चुलो, सुधारिएको चुलो र सौर्य उर्जा) जस्ता कार्यक्रम प्रवर्द्धन गरिनेछ ।

११०. नगर भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि बाणगङ्गा नगरपालिका वडा नं.९ मा पर्ने नमूना सामुदायिक वनको क्षेत्रभित्र ल्याण्डफिल्ड साइड निर्माणको लागि गुरुयोजना तयार गर्ने र सोको आधारमा ल्याण्डफिल्ड साईड तथा फोहोर प्रशोधन केन्द्र निर्माण गरी फोहोरलाई मोहरमा रुपान्तरण गर्ने कार्यलाई अगाडि वढाईनेछ ।

१११. प्राकृतिक तथा मानवीय कारणले हुनसक्ने विपद जोखिमको नक्साङ्कन तथा विपद प्रतिकार्य योजना र स्थानीय जलवायु अनुकुलन नीति तथा योजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । क्षतिलाई न्युनीकरण गर्न आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ साथै उच्च जोखिममा रहेका वस्तिहरुको पहिचान गरी सुरक्षित आवासको लागि पहल गरिनेछ । विपद पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापना कार्यमा सम्बद्ध सरोकारवाला संस्थाहरुको सहकार्यलाई थप सुदृढ गरिनेछ ।

११२. नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तालतलैया, पोखरी, जलाधार र चौतारीहरूको मर्मत सम्भार, जिर्णोद्धार र संरक्षण गरी अभिलेखीकरण गरिनेछ । पुरातात्विक तथा ऐतिहासिक महत्वका रूपमा रहेका

पोखरी तथा ताल-तलैयाहरूको आवश्यकता अनुसार पुनःनिर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

११३. नगरपालिका क्षेत्रभित्रका सार्वजनिक, ऐलानी र पर्ती जग्गा पहिचान गरी संरक्षण तथा वृक्षारोपण गर्ने कार्य अगाडि बढाइनेछ ।

११४. बाणगङ्गा, कोईली र घिरि नदी तथा खोलामा आउनसक्ने सम्भावित बाढीबाट हुनसक्ने जनधनको क्षतिलाई रोकथाम तथा न्यूनिकरण गर्न नगरवासीलाई जानकारीहुने गरी पूर्व सूचना प्रणाली जडान गरिनेछ । यसका साथै विपदको उच्च जोखिममा रहेका समुदायहरुलाई पूर्वतयारी र प्रतिकार्य सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

११५. सामुदायिक, निजी तथा साझेदारी वनलाई दीर्घकालिन रुपमा आयआर्जन हुन सक्ने जडिवुटी, काठ, दाउरा, घाँसका लागि वहुमूल्य बोट विरुवाहरुको वृक्षरोपण गर्न प्रेरित गर्दै लगिनेछ । सामुदायिक वनको कोषलाई नगरपालिकासँगको समन्वय र सहकार्यमा विकासका आयोजनाहरुमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

(ङ) सुशासन तथा संस्थागत विकास

११६. नगरपालिकाबाट प्रदान गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाईनेछ । सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिकप्रति उत्तरदायी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाइनेछ ।

११७. नगरपालिकामा कार्यरत कर्मचारीलाई जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी बनाई कार्यसम्पादनलाई नतिजामूखी बनाउन श्रावण मसान्तभित्र परिमाणात्मक तथा मापनयोग्य सूचक सहित नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइनेछ ।

११८. नेपालको संविधानको अनुसूची-८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरूमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा, परिमार्जन, संशोधन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

११९. मेलमिलाप तथा मध्यस्थता सेवालाई प्रभावकारी बनाउन पदाधिकारी तथा कर्मचारीहरुलाई आवश्यकता अनुसार क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२०. नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरू मध्येबाट उत्कृष्ट काम गर्ने कर्मचारीहरूलाई सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

१२१. नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्वाचित पदाधिकारी, कर्मचारी र उपभोक्ता समिति तथा टोलविकास संस्थामा रहेका पदाधिकारीहरूलाई योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी क्षमता विकासका तालिमहरु सञ्चालन गरिनेछ ।

१२२. नगरपालिका तथा वडास्तरबाट सम्पादन भएका विकास निर्माण र सेवा प्रवाह सम्बन्धी कार्यहरूको सार्वजिनक सुनुवाई, सामाजिक परीक्षण, नागरिक सन्तुष्टी सर्वेक्षण जस्ता सेवाग्राहीप्रति उत्तरदायी हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१२३. नगरपालिकाबाट तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका कोषहरू स्थापना गरी आवश्यकता र आर्थिक श्रोतको उपलब्धताको आधारमा रकम जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

१२४. कर सचेतना अभिवृद्धिका लागि कर सप्ताह, घुम्ति शिविर, घरदैलो जस्ता कार्यक्रमहरु सञ्चालन गरी करको दायरा तथा सहभागिता वृद्धि गरिनेछ साथै राजश्वका दरहरुलाई आवश्यकतानुसार समयानुकुल परिमार्जित गरिनेछ । करदातालाई नियमानुसार छुट, सहुलियत, सम्मान एवम् प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

१२५. डिजिटल नगर प्रोफाइलको आधारमा वडाहरुको क्षेत्रगत खण्डिकृत तथ्यांङ्क सहितको वडा प्रोफाईल तयार गरिनेछ । सो को आधारमा नगरपालिकाको आवधिक योजना, मध्यकालिन खर्च संरचना, मध्यकालिन बजेट संरचना तथा क्षेत्रगत रणनितिक योजना तयार गरि कार्यान्वयनमा लगिनेछ ।

१२६. नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरूको योगदानमा आधारित अवकाश कोष र उपदान कोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

१२७. सँगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गरी नगरपालिकाको विद्यमान दरबन्दी तथा सँगठन संरचनालाई कार्यमूलक, चुस्त र प्रभावकारी बनाईनेछ ।

१२८. नगरपालिकाबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

१२९. नगरपालिका अन्तर्गतका कर्मचारीहरुको क्षमता विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३०. यस नगरक्षेत्रमा क्रियाशील लेखक, पत्रकार, सञ्चारकर्मी तथा मिडियासँग सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३१. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता भएका उद्योग, व्यापार व्यवसाय, संघ संस्था, वित्तिय तथा सहकारी संस्थाहरू समेतको विवरण अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१३२. नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा, त्यस्तो सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क, सेवा प्रदान गर्ने जिम्मेवार शाखा एवम् पदाधिकारी र सेवा लिनका लागि आवश्यक पर्ने कागजात तथा समय समेत उल्लेख भएको विद्युतीय नागरिक वडापत्र जडान गर्ने व्यवस्था मिलाइनेछ ।

१३३. नेपाल प्रहरी र सशस्त्र प्रहरी र अन्य सुरक्षा निकायसँग समन्वय गरी नगरबासीहरुको जिउज्यान, सम्पत्तिको सुरक्षाका साथै सार्वजनिक सम्पत्ति एवम् प्राकृतिक स्रोतको संरक्षणको व्यवस्था मिलाइनेछ । सो कार्यमा नगर प्रहरीको समेत व्यवस्था गरी परिचालन गरिनेछ । वडा नं. ९ को भलवाडमा नेपाल प्रहरी इकाई स्थापना र बाणगङ्गा पुलको पूर्वउत्तर क्षेत्रमा सशस्त्र प्रहरी बल सुरक्षा बेस पिपरालाई स्थानान्तरणका लागि आवश्यक पहल गरिनेछ ।

१३४. कर्मचारीहरुको योग्यता, क्षमता, सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाइ राख्न कार्यसम्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाईनेछ । साथै कर्मचारीहरुको वृत्ती विकास सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

१३५. वडाको क्षेत्रफल, जनसङ्ख्या, भौगोलिक विकटता, आन्तरिक राजश्वलाई आधार मानी वडागत बजेट तथा सिलिङ निर्धारण र विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित

विकासको नीतिलाई निरन्तरता दिईने छ ।

१३६. नगरपालिका भित्र सञ्चालन गरिएका सबै व्यवसायहरुलाई दर्ता तथा अभिलेखीकरण गर्न अभिप्रेरित गर्ने, विभिन्न प्रकारका चेतनामूलक कार्यक्रमहरु उद्योग वाणिज्य संघको समेत सहकार्यमा गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१३७. विद्युत आपूर्तीमा हुने अवरोधबाट नगरपालिकाको सेवा प्रवाहमा हुने समस्यालाई निराकण गर्न सो को वैकल्पिक व्यवस्था मिलाइने छ ।

१३८. जनतासँग स्थानीय सरकार कार्यक्रम अन्तर्गत नगरका सबै वडाहरुमा एकिकृत घुम्ति शिविरहरु सञ्चालन गरिनेछ ।

अन्तमा

असिमित विकास अकांक्षा र सिमित स्रोत साधनको सन्तुलन कायम गर्नु आफैमा चुनौतीपूर्ण रहेको विषय सर्वविदितै छ । यसका बाबजुत यहाँका राजनीतिक दल, नागरिक समाज, संघसंस्था, सरोकारवाला लगायत आम नगरबासीको समन्वय र सहकार्यमा विकास योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याइएको छ । हामी निर्वाचित पदाधिकारीले गरेका प्रतिवद्दता अनुरुप अधुरा योजना नीति तथा कार्यक्रम यहाँहरुकै सहकार्य, सहभागिता र स्वामित्वमा सार्थक निश्कर्षमा पुर्‍याउने प्रतिवद्दता समेत व्यक्त गर्दछु ।

आर्थिक वर्ष ०७८।७९ को बार्षिक नीति तथा कार्यक्रम तयारीको लागि महत्वपूर्ण सुझावहरु दिनुहुने संघ तथा प्रदेश सरकारका माननीय संसदज्यूहरु, पूर्व मन्त्रीज्यूहरु, पूर्व माननीय सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका जिल्ला तथा नगर प्रतिनिधिहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, सञ्चारकर्मीहरु र आम नगरवासीहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरुमा पनि सकरात्मक र रचनात्मक सुझाव सल्लाह सहयोग तथा सहकार्यको अपेक्षा गर्दछु ।

धन्यवाद !

नगर उपप्रमुख श्री चक्रपाणी अर्यालद्वारा ९ औं नगरसभामा प्रस्तुत आ.व.०७८/७९ को बजेट

सभाध्यक्ष महोदय,

नगरसभाका सदस्यहरु, नगरसभाका सचिवज्यू, नगरपालिकाका कर्मचारीहरु !!

१. गरिमामय नवौ नगरसभाको प्रथम वैठकबाट स्वीकृत नीति तथा कार्यक्रमको अधीनमा रही आगामी आर्थिक वर्ष ०७८।७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा सम्मानित सभाप्रति आभार व्यक्त गर्न चाहान्छु ।

२. सर्वप्रथम देश र जनताको लागि बलिदान दिनुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै घाईते, बेपत्ता, पिडित परिवार र सम्पुर्ण नगारिक प्रति बाणगङ्गा नगरपालिकाको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।

३. कोभिड -१९ को कारण मृत्यु भएका सबै मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्न चाहन्छु । त्यसैगरी हाल उपचार गराइ रहनु भएका सम्पूर्ण सक्रमित नगरवासीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोभिड -१९ को दोश्रो भेरियन्टको कारण समग्र राष्ट्रको साथै हाम्रो नगर समेत हामीले अनुमान गरेभन्दा जटिल र विषम हुन पुग्यो । उक्त महामारीको नियन्त्रण रोकथाम र उपचारको लागि नगरका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सरोकारवाला संघसंस्थाहरु, राष्ट्रसेवक कर्मचारी लगायत सबै संयन्त्रहरुको सहयोग, सहकार्य र समन्वयकारी भूमिकाप्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु ।

४. बजेट तयार गर्ने क्रममा विगतको अनुभव, माननीय राष्ट्रिय सभा सदस्यज्यू, पूर्व प्रतिनिधि सभा सदस्यज्यू, संविधान सभा सदस्य ज्यूहरु, स्थानीय राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र, सहकारी एवं स्थानीय सामुदायिक संघ संस्था, बुद्धिजीवी, टोल विकास संस्था, सञ्चारकर्मी लगायतका क्षेत्रहरुबाट प्राप्त राय, परामर्श, सुझाव लगायतका अन्य विभिन्न क्षेत्रहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेट्दै आ.व.०७८।७९ को बजेट तर्जुमा गरिएको छ ।

५. नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघिय र प्रदेश सरकारको नीति तथा कार्यक्रम, आवद्यिक योजना, दिगो विकासका लक्ष्य, विभिन्न ऐन, कानून, नियम र कार्यविधीहरुबाट निर्देशित हुँदै यस नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु ।

६. "सम्बृद्ध बाणगङ्गाको मूल आधार कृषि, पर्यटन, वातावरण, पूर्वाधार र रोजगार" को मूल नारालाई मूर्तरुप दिन भरपर्दो सर्वसुलभ, गुणस्तरीय सेवा तथा सुविधा नगरवासीहरुलाई उपलब्ध गराई उनीहरुको जीवनस्तरमा क्रमिक सुधार ल्याउन नगर सरकार दृढ संकल्पित रहेको छ ।

७. संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान, स्थानीय साधन र स्रोतको अधिकतम उपयोगबाट प्राप्त हुनसक्ने राजश्वलाई बजेटको प्राथमिकतामा राखि योजनाहरुको बाडँफाँडको व्यवस्था मिलाएको छु । जसबाट उत्पादकत्वमा वृद्धि भई गरिबी न्यूनीकरण र स्वरोजगारका अवसरहरु वृद्धि गर्दै समग्र नगरको समृद्धि हासिल हुने अपेक्षा गरेको छु ।

८. बजेटको बांडफांड गर्दा पुँजिगत बजेटको क्षेत्र बढाउने, चालु खर्चमा मितव्ययिता ल्याउने र अनुत्पादक क्षेत्रमा खर्च घटाउने गरी बजेट प्रस्ताव गरेको छु । सार्वजनिक सेवाप्रवाहमा स्थानीय सरकारको भूमिका र संतुलित विकास आयोजनाहरुको कार्यन्वयनको अवस्थालाई ध्यानमा राख्दै चालु आर्थिक वर्षका कार्यक्रमहरुलाई आवश्यकता अनुरुप परिमार्जन, संशोधन र निरन्तरता दिदैं गतिशिल र लगानीमैत्री नगरपालिकाको पहिचान स्थापित हुने गरी

बजेट विनियोजन गरेको छु ।

९. स्थानीय सरकारको क्षेत्रअधिकार भित्र रहेका कर तथा गैरकर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखि नगरलाई आत्मनिर्भर बनाउने तर्फ जोड दिएको छु ।

१०. कोभिड-१९ को महामारीबाट सबै नगरबासीहरु सुरक्षित रहन विशेष सजकता अपनाउँदै स्वास्थ्य, पूर्वाधार, शिक्षा, वन तथा वातावरण, आर्थिक, सामाजिक र सांस्कृतिक विकासलाई प्राथमिकतामा राखि बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

११. अब म नेपाल सरकारले लिएको "संबृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांशा पुरा गर्न यस बाणगङ्गा नगरपालिकाबाट आ.व २०७८/७९ को लागि तयार गरिएको बार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- सबै किसिमका बिपद र महामारीबाट नगरवासिको जीवन रक्षा गर्ने ।
- पूर्वाधारहरुको निर्माण एंव दिगोपना मार्फत नगरबासीहरुको गुणस्तरीय जीवनको प्रबर्द्धन गर्ने ।
- गुणस्तरीय सार्वजनिक सेवा प्रबाह गर्दै सुशासनलाई सस्थागत गर्ने ।
- न्याय र नैतिकताका आधारित हिंसा रहित स्वस्थ र मर्यादित जीवनशैली युक्त समाज निर्माण गर्ने ।
- नगरको विकास र सम्मृद्धिका लागि सहकार्य र सामुहिकताको सस्कारलाई प्रबर्द्धन गर्ने ।
- वातावरणीय सन्तुलन सहितको दिगो तथा उत्थानशील विकास प्रक्रियालाई संस्थागत गर्ने ।

सभाध्यक्ष महोदय,

१२. अब म बाणगङ्गा नगरपालिकाको आ.व २०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- रणनीतिक महत्वका आयोजनाहरु निर्माण, अधुरा आयोजनाहरुको निरन्तरता र सम्पन्न योजनाहरुको मर्मत सम्भार गरी त्यसको दिगोपना सुनिश्चितता ।
- स्वास्थ्य पूर्वाधारहरुको विकास र विस्तार गरी गुणस्तरीय एंव सर्व सुलभ स्वास्थ्य सेवा प्रदान ।
- कृषि क्षेत्रमा ज्ञान, सीप तथा पूजी परिचालन गरी उत्पादन अभिबृद्धि मार्फत रोजगारी सिर्जना र गरीवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने ।
- समाजमा विद्यमान सबै किसिमका असमानता एंव हिंसाको निवारण गर्दै सम्पूर्ण वर्ग, क्षेत्र र समुदायको सशक्तिकरण एंव मूल प्रवाहीकरण गर्ने ।
- सीपमूलक एंव व्यवसायीक कार्यक्रम प्रबर्द्धन गर्नुका साथै उद्यमशील संस्कृति विकास गर्दै स्वरोजगार सिर्जना गर्ने ।
- धार्मिक, सास्कृतिक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण एंव प्रबर्द्धन गर्दै पर्यटन विकास मार्फत पर्यटन क्षेत्रबाट प्राप्त लाभको स्थानीयकरण गर्ने ।

सभाध्यक्ष महोदय,

अब म गत आर्थिक वर्षको यथार्थ र चालु आर्थिक वर्षको समष्टिगत प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु ।

१३. गत आ.व.२०७६/०७७ को आम्दानी र खर्चको प्रगति संक्षिप्त समीक्षा गर्दा कुल बजेट रु १ अरब १२ करोड ४७ लाख मध्ये चालु खर्चतर्फ रु.७३ करोड ७४ लाख १२ हजार ३ सय ९० बिनियोजन गरिएकोमा रु ६८ करोड ९५ लाख १७ हजार २ सय ७७ खर्च भई ९३.५ प्रतिशत र पूँजीगत खर्चतर्फ रू.३६ करोड ८१ लाख ९८ हजार ३ सय ९७ बिनियोजन गरिएको मध्ये रु ३२ करोड ३४ लाख ३१ हजार २ सय ६८ खर्च भई ८७.८४ प्रतिशत गरी जम्मा रु ९१.६२ प्रतिशत खर्च भएको थियो । चालु आ.व.२०७७/०७८ को आम्दानी र खर्चको प्रगतिको संक्षिप्त समीक्षा गर्दा कुल बजेट रु १ अरब १८ करोड ३५ लाख ६५ हजार ४ सय ३० मध्ये चालु खर्चतर्फ रु.६८ करोड ५३ लाख १० हजार ९५ र पूँजीगत खर्चतर्फ रू.४९ करोड हजार ८२ लाख ५५ हजार ३ सय ३५ खर्च अनुमान रहेको थियो । जसमध्ये २०७८ साल जेष्ठ मसान्तसम्म स्थानीय संचित कोषमा प्राप्त भएको रु.१ अरब २१ करोड ३८ लाख ८० हजार ४ सय ५ प्राप्तहुन आएको र चालु खर्च तर्फ रू.४६ करोड १७ लाख ५ हजार तथा पुँजीगततर्फ रू.२२ करोड ५२ लाख ८८ हजार खर्च भएको ब्यहोरा सम्मानीत यस सभामा जानकारी गराउन चाहान्छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्षको समष्टिगत प्रस्तावित आम्दानी र खर्चको विवरण प्रस्तुत गर्न चाहन्छु ।

१४. यस नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ मा संघ र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण, सशर्त अनुदान, राजस्व बाँडफाँड, समपुरक अनुदान, विशेष अनुदान, मौज्दात रकम, आन्तरिक आय र लागत सहभागिता समेतबाट रु.१अर्ब २८ करोड ३२लाख ४८ हजार ४ सय ८० हुने अनुमान गरेको छु । सो आय रकमबाट चालु खर्च तर्फ रु ८७ करोड २१ लाख १३ हजार रहेको छ । जसमा कार्यालयको संचालन र प्रशासनिक खर्च खर्चका लागि रु १४ करोड ७१ लाख, सामाजिक सुरक्षा कार्यक्रमका लागि रु २५ करोड, नगरपालिकमा तथा अन्तरगत कार्यलयमा कार्यरत कर्मचारीहरुको तलब भत्ता तथा नियमित कार्यक्रम लगायत अन्य प्रशासनिक कार्यका लागि रु १५ करोड ८७ लाख ४६ हजार रकम खर्च हुने अनुमान गरेकोछु । क्षेत्रगत बजेट विनियोजन अनुसार आर्थिक विकास तर्फका कार्यक्रमका लागि रु ६ करोड ७९ लाख ९८ हजार, सामाजिक विकास तर्फ शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षा समेत रु ७२ करोड ५५ लाख ७५ हजार ४ सय ८०, भौतिक पूर्वाधार तर्फ रु ३१ करोड ९७ लाख ४ हजार, वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ रू ३ करोड ४१ लाख, सुशासन तथा संस्थागत विकास तर्फ रू १ करोड १२ लाख २५ हजार विनियोजन गरेकोछु । सोही बजेट अन्तरगत वडा स्तरिय योजनाका लागी रु १२ करोड ५० लाख रकम छुट्याई न्यूनतम रु.५० लाख र बाँकी वडाको क्षेत्रफल, जनसंख्या, भौगोलिक अवस्था, राजश्व असुलीको आधारमा अंकभार कायम गरी सुत्रको आधारमा संतुलित बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म चालु आ.व.को समष्टिगत प्रगति प्रस्तुत गर्न चाहन्छु ।

१५. चालु आर्थिक वर्षको आन्तरिक आम्दानीको समिक्षा गर्दा प्रस्तावित आय रू.४ करोड ७३ लाख ९३ हजार ४ सय ६५ अनुमान गरिएकोमा २०७८ जेष्ठ मसान्तसम्म रू.३ करोड १७ लाख ४५ हजार ८ मात्र असुली भई ६७ प्रतिशत आन्तरिक आयतर्फको लक्ष्य हासिल गरिएको छ भने कुल बजेट रू.१ अरब १८ करोड ३५ लाख ६५ हजार ४ सय ३० मध्ये जेष्ठ मसान्तसम्म कुल बजेट रू १ अरव २१ करोड ३८ लाख ८० हजार ४ सय ५ प्राप्त भएको छ ।

१६. चालु आर्थिक वर्षको खर्चको संक्षिप्त समिक्षा गर्दा प्रस्तावित आय रू.१अरब १८ करोड ३५ लाख ६५ हजार ४ सय ३० अनुमान गरिएको मध्ये २०७८ जेष्ठ मसान्तसम्म रू.४६ करोड १७ लाख ५ हजार चालु खर्च र रू.२२ करोड ५२ लाख ८८ हजार पुँजिगत खर्च भई ५८ प्रतिशत बजेट खर्च भएको छ ।

१७. २०७८ आषाढ मसान्तसम्मको शंसोधित आय रु १ अरब २२ करोड ६५ लाख ४० हजार अनुमान गरिएको मध्ये चालु खर्च तर्फ रु ६३ करोड ४ लाख ८६ हजार ७४ र पूँजिगत खर्च तर्फ रु ४८ करोड १६ लाख ९३ हजार ८ सय ५५ गरी जम्मा १ अरब ८ करोड २१ लाख ७९ हजार ९ सय २९ खर्च भई ९० प्रतिशत खर्च हुन सक्ने शंसोधित अनुमान गरिएको छ ।

१८. पूर्वाधार निर्माण तर्फ चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा १२ कि.मी. नाली निर्माण, ८ कि.मी. सिचाई कुलो निर्माण र १२.५ कि मी. सडक कालोपत्रे सम्पन्न भएका छन् । करिव ६ कि.मी. सडक कालोपत्रे हुने अवस्थामा रहेको छ । २३ कि. मि. सडक स्तरोन्नति, ४० कि. मी. सडक ग्राभेल, १२ वटा खानेपानी ट्युवेल निर्माण र ३३ स्थानमा कल्भर्ट निर्माण सम्पन्न भई सकेका छन् । भवन तर्फ शिक्षा पूर्वधार २० वटा, मठ मन्दिर ३१ वटा, बिभिन्न सस्थागत संरचना र भवन मर्मत ४० वटा, खेल मैदान ८ वटा र पोखरी ताल तलैया ६ वटा मर्मत गर्ने कार्य सम्पन्न भएको छ भने १२ वटा विद्यालयका भवन सम्पन्न हुने अवस्थामा रहेका छन् । क्रमागत योजना अन्तर्गत वडा न ३ को प्रशासनिक भवन, कृषि उपज संकलन केन्द्र र औधोगिक ग्रामको कार्य संचालन भै रहेको छ ।

१९. चालु आर्थिक वर्षमा कृषि उत्पादनलाई आधुनिकीकरण गर्न उन्नत जातको वीउ बिजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समूहहरुलाई निःशुल्क तथा लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि भएको छ ।

२०. कृषक एबं पशुपालकहरुको माग लाई आवश्यकता बमोजिम पहिचान गरी सिमित साधन र स्रोतको बाबजुद विभिन्न अनुदान दिने कार्यक्रमहरु सम्पन्न गरिएको छ भने सहकारीहरुको व्यवस्थापन तथा एकिकरणका लागि पहल भैरहेको छ ।

२१. सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत व्यवस्थित रुपमा सरलीकरण गरी प्रत्येक वडामा सहज पहुँच हुनेगरी वितरण गर्ने व्यवस्था मिलाईएको छ ।

२२. कोभिडको दोश्रो भेरियन्टको रोकथाम र उपचारका लागि आवश्यक पर्ने अक्सिजन आपूर्तिको सहज व्यवस्था मिलाईएको छ ।

२३. आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लक्षित वर्गको समान पहुँच स्थापित गरिएको छ । समावेशी सहभागीता सहित सीमान्तकृत समुदायको सामाजिक रुपान्तरणका लागि विनियोजित लक्षित तर्फका आय आर्जन तथा सिपमुलक कार्यक्रमहरु कोभिड-१९ को महामारीका कारण प्रभावित भएका छन् ।

२४. शिक्षातर्फ सामुदायिक र संस्थागत विद्यालयका बीचमा शिक्षामा गुणस्तरीयता र पहुँचमा समानता स्थापित गरी विभेदपूर्ण शिक्षा प्रणालीको अन्त्य गरिएको छ भने विद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयहरु समायोजन गर्ने कार्यको सुरुवात गरिएको छ ।

२५. कोभिड-१९ को दोस्रो भेरियन्टसबाट विश्वनै प्रभावित भईरहेको अवस्थामा पनि आम नगरवासीको निःशुल्क आधारभूत स्वास्थ्य सेवामा सुलभ र सरल पहुँचका लागि उच्च प्राथमिकता राखी आवश्यक जनशक्ति र पर्याप्त औषधिको ब्यबस्था गरिएको छ भने आधारभुत स्वास्थ्य सेवा नगरको सबै वडाबाट संचालन गरिएको छ ।

२६. कोरोना महामारीका कारण प्रभावित नगरबासीहरुको एन्टिजेन्ट तथा पि.सी.आर. प्रविधीबाट परीक्षण गरी कोरोना भाईरस पोजेटिभ देखिएका बिरामीहरुलाई होम तथा संस्थागत आईसोलेशनमा राखि औषधी उपचार गर्ने व्यवस्था मिलाईएको छ भने नगरभित्र उपचार हुन नसक्ने जटिल संक्रमितलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरी लुम्बिनी प्रादेशिक अस्पताल बुटबल तथा अन्य अस्पताल सम्म पुर्याउने व्यवस्था मिलाईएको छ ।

२७. कोभिड १९ को महामारीबाट संक्रमित भई ज्यान गुमाएका मृतकहरुको परिवारसँगको समन्वयमा सव व्यवस्थापन गरिएको छ ।

२८. सिद्धार्थ क्याम्पस बुंङ्चीमा अक्सिजन सहितको आईसोलेशन वार्ड निर्माण गरी सेवा प्रदान गरिएको छ । होम आईसोलेसनमा रहेका संक्रमितहरुलाई घरमै गई स्वास्थ्य परामर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाएको छु । कोरोना नियन्त्रण, रोकथाम र उपचारका लागि नगर प्रकोप व्यवस्थापन कोष परिचालन गर्ने व्यवस्था मिलाईएको छ ।

२९. कोरोना महामारीका कारण नेपाल सरकारले लकडाउनको घोषणा गरेको अवस्थामा पनि नेपाल सरकारले तोकेका मापदण्डहरु पुरा गरी कार्यालयबाट प्रदान गरिने सबै सेवाहरु सहजरुपमा प्रदान गरिएको छ ।

३०. नगरलाई बालमैत्री नगर घोषणा गर्न बालमैत्री स्थानीय शासनले अबलम्वन गरेका सुचकहरुलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई २०७८ आषाढ मसान्तसम्म बालमैत्री नगर घोषणा गर्ने तयारी भैरहेको छ साथै यसको दिगोपनाको लागि आवश्यक वजेटको व्यवस्था मिलाइएको छ ।

३१. योजना संचालन गर्दा प्रकोप उत्थानशील, वातावरणमैत्री, ज्येष्ठ नागरीकमैत्री, बालमैत्री, तथा अपाङ्ग मैत्री स्थानीय शासनका आधारभुत सुचकहरुलाई आधार मानी कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ ।

३२. नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रविधि मैत्री बनाईएको छ । कर संकलनका लागी प्रत्येक वडामा सफ्टवेयर जडान गरिएको छ । सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोग गर्दै पारदर्शीता, उत्तरदायित्व, जवाफदेहिता र जनविश्वास आर्जन गर्ने ब्यवस्था मिलाइएको छ ।

३३. न्यायीक समिति अन्तर्गत गत आ.व.मा १० वटा उजुरीहरु जिम्मेबारी सारिएकोमा ८ वटा फछ्यौट भै २ वटा तामेलीमा रहेका छन भने चालु आ. व. मा १८ वटा उजुरी दर्ता भएकोमा ४ वटा उजुरीलाई किनारा लगाइ १४ वटा उजुरीहरु फछर्यौटको प्रकृयामा रहेका छन । स्थानीय स्तरमा सिर्जना हुन सक्ने सामान्य विवादहरुको निरुपणको लागि मेलमिलाप केन्द्रहरुको व्यवस्थापन र मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धिको व्यवस्था मिलाईएको छ ।

सभाध्यक्ष महोदय,

३४. प्रत्येक वडाको संतुलित विकासको लागि न्युनतम ५० लाख र जनसंख्या, भूगोल र वडागत राजश्व असुलीका आधारमा सुत्र मार्फत थप रकम विनियोजन गरेको छु । जसका लागि कुल जम्मा रु.१२ करोड ५० लाख वडागत बजेट बिनियोजन गरेको छु ।

३५. कृषि क्षेत्रको विकासका लागी ८५ प्रतिशत अनुदानमा साना सिँचाई कार्यक्रम तर्फ रु.२४ लाख, ५० र ७५ प्रतिशत अनुदान दिने गरी मागमा आधारित व्यवसायिक कृषि कार्यक्रम संचालनका लागी रु.३५ लाख बजेटको व्यवस्था मिलाएको छु ।

३६. तरकारी खेती प्रबर्द्धन गर्नका लागि सिडकिट खरीद गरी निशुल्क बितरण गर्नका लागि रु.१० लाख बजेट विनियोजन गरेको छु ।

३७. माटो जाँच शिबिर, आई. पि. एम. कृषक पाठशाला, आकस्मिक बाली संरक्षण, कृषि मेला प्रदर्शनी, बाली उपचार शिबिर, परम्परागत तथा रैथाने बाली प्रबर्द्धनका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

३८. धान उत्पादन प्रबर्द्धन, खाद्यान्न बालीको उन्नत वीउ, धान वालीको साना व्यवसायीक कृषि उत्पादन केन्द्रका साथै उन्नत वीउ बितरणका लागि प्रोत्साहन जस्ता कृषि कार्यक्रम संचालनका लागि रू.६३ लाख बजेट विनियोजन गरेको छु ।

३९. साना व्यवसायीक कृषि उत्पादन केन्द्र कृषि तथा पशु कार्यक्रमका लागि रू.२३ लाख बजेट विनियोजन गरेको छु ।

४०. किसान सुचीकरण, कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक, बाली कटानी तथा तथ्यांक अद्यावधिक जस्ता कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४१. पशु आहार सेवाका लागि हिउदे, वर्षे र बहु वर्षे घाँस, बर्षिम तथा विभिन्न प्रजातिका घाँस बिउ खरिद गरी वितरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४२. पशु उपचार कार्यक्रम अन्तर्गत औषधि खरिदका लागी लागि रु.१३ लाख बजेटको व्यवस्था मिलाएको छु । साथै पशु बीमा कार्यक्रम सञ्चालन गर्न आबश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४३. गाई, भैसी, कुखुरा, बाख्रा, बंगुर र माछा जस्ता पशुपालन व्यवसायहरु प्रोत्साहनका लागि अनुदानमा आधारित विभिन्न कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४४. पशु स्वास्थ्य नियमन, पशु आहार सेवा, पशु स्वास्थ्य तथा उपचार, पशु रोग तथा प्रयोगशाला, कृतिम गर्भाधान, पशु खोप सेवा लगायत मासु मिसन जस्ता पशु विकास कार्यक्रम संचालनका लागि रु.६० लाख ५० हजार बजेट विनियोजन गरी पशु सेवा कार्यक्रम प्रबर्द्धनका लागि प्रोत्साहान गरेको छु ।

४५. युवाहरुलाइ रोजागारीमा आकर्षित गर्न कामका लागि पारिश्रमिक कार्यक्रमका लागि रु.६९ लाख ६३ हजार रकम विनियोजन गरेको छु ।

४६. बैदेशिक रोजगारलाइ सुरक्षित, मर्यादित, भरपर्दा वनाउन समुदाय अभिमुखिकरण कार्यक्रम, रिटर्नी स्वयंसेवक परिचालन, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता जस्ता कार्यक्रम सञ्चालनका लागि रु.२० लाख विनियोजन गरेको छु ।

४७. मुख्यमन्त्रि ग्रामिण विकास तथा रोजगार कार्यक्रम सञ्चालन गरी स्थानीय स्तरमा रोजगारि सिर्जना गरी गरिवी निवारणमा टेवा पुर्याउनका लागि रु.७० लाख बजेट विनियोजन गरेको छु ।

४८. नगरमा क्रियाशिल सहकारीहरुको क्षमता अभिबृद्धिका लागि सहकारी सचेतना कार्यक्रम, सहकारी शिक्षा, नेतृत्व विकास र आवश्यक तालीमका लागी रु.६ लाख बजेट विनियोजन गरेको छु ।

४९. लघु उद्यम सम्बन्धी कार्यक्रमहरु संचालन गरी नयाँ उद्यमीहरु सिर्जना गर्ने, दक्ष उद्यमीहरुलाई प्रवीधी हस्तान्तरण गरी उद्यमशिलताको विकास गर्न रु.३६ लाख बजेट बिनियोजन गरेको छु ।

५०. आन्तरिक पर्यटन तथा साँस्कृतिक पर्यटनलाई प्रवर्द्धनका लागि नगरक्षेत्रभित्र होमस्टे संचालन गर्न आधारभुत पूर्वाधार निर्माणका लागी रु.५ लाख बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७८/ ७९ को क्षेत्रगत विनियोजन बजेट अन्तर्गत सामाजिक विकास तर्फको विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।

५१. स्थानीय भाषा संस्कृतिको जगेर्ना तथा प्रवर्द्धनका लागि स्थानीय पाठ्यक्रम एवम् शैक्षिक रणनितिक योजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५२. कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजिकरणका लागि वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालनका लागि रु.११ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

५३. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता र विद्यायल कर्मचारी व्यावस्थापनका लागि रु.२ करोड ४६ लाख ८

हजार बजेट अनुदान दिने व्यवस्था मिलाएको छु ।

५४. विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहनका लागि रु.१ करोड २१ लाख ८१ हजार अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु । कक्षा ५ र ८ को परीक्षा व्यवस्थापन लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

५५. सर्शत अनुदान तर्फ शैक्षिक क्षेत्रमा विनियोजित बजेट तोकिएको शिर्षकमा खर्च गर्ने व्यवस्था मिलाएको छु । नमुना विद्यालय शैक्षिक पूर्वाधार निर्माणकालागी रू.१ करोड ९ लाख रकम खर्च गर्ने व्यवस्था मिलाएको छु ।

५६. सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निशुल्क पाठ्य पुस्तक र सेनेटरी प्याड एवं दिवा खाजा र छात्रवृतिका लागि ३ करोड ७४ लाख ८७ हजार बजेट विनियोजन गरेको छु ।

५७. विद्यालयलाई प्रविधिमैत्री बनाउन सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई ईन्टरनेट सेवाको सुविधा सहित एक विद्यालय एक ल्यापटपको व्यवस्था मिलाएको छु ।

५८. आमा सुरक्षा, गर्भ संस्कार, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क सुरक्षित गर्भपतन सेवा सञ्चालनका लागि रु.२० लाख ८७ हजार बजेट विनियोजन गरेको छु ।

५९. मातृ तथा नव शिशु कार्यक्रम पोषण कार्यक्रम र किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रमका लागि रु.३४ लाख ८७ हजार विनियोजन गरेको छु ।

६०. आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको औषधी तथा सर्जिकल सामग्री खरिदका लागि रु. ४१ लाख बजेट विनियोजन गरेको छु ।

६१. महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोवल उच्च राखि काममा उत्प्रेरित गर्न प्रोत्साहन तथा यातायात खर्च उपलब्ध गराउन रु. ३४ लाख बजेट विनियोजन गरेको छु ।

६२. सिकलसेल एनिमिया, हात्तिपाइले, औलो तथा कालाजार, इन्फुएन्जा, वर्डफ्लु, क्षयरोग जस्ता रोगको निदानको लागि औषधि सहित आवश्यक कार्यक्रम सञ्चालनका लागि रु १५ लाख ८५ हजार रकम विनियोजन गरेको छु ।

६३. स्थानीय अस्पताल र बर्थिङ् सेन्टरमा प्रसुती हुने महिलाहरुलाई निशुल्क एम्वुलेन्स तथा यातायात सुविधा उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

६४. विभिन्न समुदायका पर्व, दिवस तथा माघी महोत्सव सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६५. विद्यार्थिहरुका लागि जुकाको औषधि तथ किशोरीहरुलाइ आइरन तथा फोलिक एसिड वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६६. नगरस्तरिय मेयरकपका लागि रु.८ लाख, राष्ट्रपति रनिङ शिल्ड कपका लागि रु.४ लाख तथा अन्य खेलकुद कार्यक्रम सञ्चालनका लागि रु.३ लाख र एक वडा एक खेल मैदान निर्माणका लागि रु.२५ लाख गरी जम्मा रु.४० लाख बजेट विनियोजन गरेको छु ।

६७. स्वरोजगार सिर्जना हुने खालका विभिन्न सिपमूलक लक्षित कार्यक्रम, हिंसा पीडीत महिला, दलित, मुस्लिम, आदिवासी, जनजाती तथा अपाङ्गहरुको शसक्तिकरण तथा मूल प्रवाहीकरणका लागि बिभिन्न लक्षित कार्यक्रम संचालनका लागि रु. ४८ लाख बजेट व्यवस्था मिलाएको छु ।

६८. टोल विकास संस्था तथा उपभोक्ता समितिका पदाधिकारीको क्षमता विकासका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

६९. पोषण सुधारकालागि विद्यालयमा खानेपानी तथा सरसफाइ, पोषण विशेष कार्यक्रम र पोषण सुधारका लागि विपन्न समुदायका महिला एवं सहकारीहरुका कार्यक्रमका लागि रु. ४४ लाख बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७८/७९ को भौतिक पूर्वाधार विकास तर्फ विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।

७०. जनज्योति मा.वि. मोतिपुरको भवन निर्माणको लागि रु.१ करोड ६६ लाख संघीय सरकारको विशेष अनुदान कार्यक्रम अन्तर्गत बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

७१. सिउटी प्रतिक्षालय चोक देखि हथौसा गाउ जोड्ने सडक कालोपत्रेका लागि संघीय सरकार समपुरक अनुदानबाट रू.४३ लाख र नगरबाट रु.४३ लाख गरी जम्मा रु.८६ लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

७२. तराई मधेस समृद्धि कार्यक्रम अर्न्तगत बिसनपुर चोक देखि पुरानो डिहि जोड्ने सडक कालोपत्रे लागि रू.३० लाख र नगरबाट रु.१० लाख गरी जम्मा रु.४० लाख र झुंगा चोक देखि तल्लो झुंगा हुदै काला बन्जर जोड्ने सडक कालोपत्रेका लागि रू.३० लाख र नगरबाट रु.१५ लाख गरी जम्मा रु.४५ लाख गरी जम्मा ९० लाख बजेट विनियोजन गरेको छु ।

७३. प्रदेश सम्पूरक अनुदान अर्न्तगत वन्डौली गन्सहवा देखि चप्परगाउँ जोडने सडक कालोपत्रे, गडेहडा तिनकुनेचोक देखि गन्गोलिया हुदै राजापानी जोडने सडक कालोपत्रे, चम्किपुर देखि ठाँटि जोडने सडक कालोपत्रे र भावपुर भेलरैया गोवापुर विरपुर हुदै मिलनचोक जोडने सडक कालोपत्रेका लागि रु.२ करोड र नगरको रु.२ करोड गरी जम्मा रु.४ करोड बजेट विनियोजन गरेको छु ।

७४. ओदारी लिटिल स्टार हुदै भडसडवा जोडने सडक कालोपत्रेका लागि रु. १० लाख, कपिलवस्तु संचार सहकारी जाने सडक कालोपत्रेको लागि रु. १० लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

७५. विद्यालय मर्मत सम्भारको लागि रु. २० लाख र विद्यालयको भौतिक पुर्वाधार निर्माण अन्तर्गत कक्षाकोठा निर्माणको लागि रु. ६० लाख विनियोजन गरेको छु ।

७६. हाम्रो वडा हाम्रो गौरव सन्तुलित विकासका लागि नगरस्तरीय योजना अन्तरगत भौतिक पूर्वाधारको क्षेत्रमा खर्च गर्ने गरी प्रत्येक वडामा रु ४५ लाखका दरले रु ४ करोड ९५ लाख बजेट विनियोजन गरेको छु ।

७७. नगरपालिका भित्र रहेका विभिन्न सडकहरु तत्काल मर्मत गर्नुपर्ने अवस्थाका लागि मर्मत सम्भारको गरी रू.३० लाख बजेट विनियोजन गरेको छु ।

७८. लागत सहभागिता (७०/३०) आधारित भौतिक पूर्वाधार निर्माणका लागि रु.२ करोड बजेट विनियोजन गरेको छु ।

७९. चप्परगाँउ बुद्धपथ सिँचाइ कुलो निर्माणका लागि रु. १५ लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

८०. पिपरा अस्पतालको भौतिक संरचना निर्माण तथा स्तरोन्नतिका लागि रु. १ करोड र कपिलवस्तु सामुदायिक अस्पतालको व्यवस्थापकीय सुधारका लागि रु. १२ लाख बजेट छुट्याएको छु साथै पिपरा अस्पताललाई ५० बेडको अस्पताल तथा ट्रमा सेन्टरको रुपमा विकास गर्न संघ तथा प्रदेश स।कारसंग आवश्यक सहकार्य गर्ने व्यवस्था मिलाएको छु ।

८१. नगरका स–साना खानेपानी योजना मर्मत, विद्युत पोल तथा तार खरिदका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

८२. नगरभित्रका सामुदायिक भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८३. झुलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तरगत राम दत्तिवन धाम, धनेशपुर-वैकुन्ठपुर, कपिलधाम घिरि खोला र मधुवनधाम र कैलाशधाम जोड्नका लागि प्राथमिकताको आधारमा झोलुङ्गे पुल निर्माणका लागि रु ३१ लाख बजेटको व्यवस्था मिलाएको छु ।

८४. बाणगङ्गा चक्रपथ निर्माणका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

८५. सबारी साधनको बढ्दो चांपबाट हुन सक्ने दुर्घटना, चोरी निकासी जस्ता अपराधजन्य क्रियाकलापहरुबाट आम नगरवासीलाई सुरक्षाको प्रत्याभूती दिलाउन CCTV संजाललाई थप बिस्तार गर्नका लागि रु.४ लाख बजेट विनियोजन गरेको छु ।

८६. सार्वजनिक जग्गाको बढ्दो अतिक्रमणलाई रोक्न सार्वजनिक जग्गा संरक्षण कार्यक्रम अन्तर्गत रु.१५ लाख बजेट विनियोजन गरेको छु ।

८७. ज्येष्ठ नागरिक अधुरो भवन निर्माणका लागि रु.१० लाख, ढोडेकोल स्थित बम्हाकुमारी अधुरो भवन निर्माणका लागि रु ५ लाख, मन्द्रेली टोल सामुदायिक कम्पाउण्ड वाल निर्माणको लागि रु १० लाख र एक वडा एक ज्येष्ठ नागरीक दिवा सेवा केन्द्र व्यवस्थापन तथा संचालनका लागि रु.५ लाख ५० हजार बजेटको व्यवस्था मिलाएको छु । साथै जिर्ण भएका वडा कार्यालय भवन निर्माणका लागि संघ तथा प्रदेश सरकारको समन्वयमा निर्माण कार्य अगाडी बढाउने व्यवस्था मिलाएको छु ।

८८. वडा नं. ३ को प्रशासनिक भवन आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी निर्माण गर्नका लागि रु.१ करोड विनियोजन गरेको छु ।

८९. ओदारी गाउँ भित्र नाली निर्माण तथा सडक कालोपत्रेका लागि रु.२० लाख बजेटको व्यवस्था मिलाएको छु ।

९०. विभिन्न वडाहरुमा गाउँघर क्लिनिक तथा खोप केन्द्रको पूर्वाधार निर्माणका लागि रु.३० लाख बजेट विनियोजन गरेको छु ।

९१. ब्लड बैकको प्राविधिक सामाग्रि खरिदका लागि रु १० लाख र सडक पूर्वाधार निर्माणका लागी रु.४ लाख गरी जम्मा रु १४ लाख बजेटको व्यवस्था मिलाएकोछु ।

९२. सडक बोर्ड अन्तर्गत विभिन्न सडक मर्मत सम्भारका लागि संघ वाट रु.३५ लाख र नगरबाट रु १० लाख गरी जम्मा रु ४५ लाख बजेट विनियोजन गरेको छु ।

९३. राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा अनुदानतर्फ प्राप्त रु.८ लाख बजेटलाई उर्जा उत्पादन तथा बायो ग्यास जडानमा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७८/७९ को वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।

९४. फोहोर प्रशोधन प्लान्ट जडानका लागि प्रारम्भिक वातावरणीय अध्ययन, ल्याण्डफिल्ड साईडको डिपिआर तयार गरी फोहोरलाई मोहोरमा वदल्न सार्वजनिक, निजी, सहकारी र समुदायको साझेदारीमा ल्यान्डफिल्ड साइट तथा फोहर प्रसोधन केन्द्रको प्रारम्भिक पूर्वाधार निर्माण लगायतका कार्यहरु गर्नका लागि रु.६० लाख बजेट विनियोजन गरेको छु ।

९५. सडकहरुको दिगोपना र वातावरणीय सन्तुलन एवम् शहरी स्वच्छताका लागी भौतिक संरचना निर्माण गर्दा सडक किनारको दुवैतिर वृक्षारोपण गर्न व्यावस्था मिलाएको छु ।

९६. मधौलिया सामुदायिक वन फोहोर मैला व्यावस्थापन माटो पटान र वृक्षारोपणका लागि रु १० लाख बजेट विनियोजन गरेको छु । उक्त सामुदायिक वनसंगको सहकार्यमा बसपार्क निर्माणको कार्य अगाडी बढाउने व्यवस्था मिलाएको छु ।

९७. प्राकृतिक तथा मानव सृजित विपद्को पूर्व तयारी, प्रतिकार्य, उद्धार सामग्री व्यवस्थापन, राहत वितरण जस्ता कार्यका लागि नगर प्रकोप व्यवस्थापन कोषमा रु.५० लाख बजेटको व्यवस्था मिलाएको छु ।

९८. "म सफा गर्छु मेरो नगर" सरसफाइ अभियान निरन्तरताका लागी रु.५ लाख विनियोजन गरेको छु ।

९९. खुला दिसामुक्त नगरको शुनिश्चितता तथा दिगोपनाका लागि शौचालय नभएका अति बिपन्न परिवारका घरधुरीमा शौचालय निर्माणका लागि सामग्री अनुदान उपलव्ध गराउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष महोदय,

अब म आ.व. २०७८/७९ को सुशासन तथा संस्थागत विकास तर्फ विनियोजित बजेट प्रस्तुत गर्न अनुमति चाहान्छु ।

१००. नगर भित्र निर्माण हुने संरचनाहरुको मापदण्ड नियमन एवं प्राकृतिक स्रोत दोहन न्यूनीकरणका लागि नगर प्रहरीको व्यवस्था गर्न रू १५ लाख बजेट विनियोजन गरेको छु ।

१०१. सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको एकिन तथ्याङ्क निर्धारण गरी सवै प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमलाइ सहज, पारदर्शि र मर्यादित वनाउन कर्मचारी तथा कार्यलय व्यवस्थापन समेतका लागि रु १९ लाख बजेटको व्यवस्था मिलाएको छु ।

१०२. मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनीकरणको वस्तुगत तथ्याङ्क अभिलेखीकरणका लागी विद्युतिय सुचना प्रविधिमा आधारित नगर प्रोफाइल निर्माण गर्ने कार्य सम्पन्न भैसकेकोले प्रोफाईलकै आधारमा घरधुरी नम्बरिंग तथा अभिलेखीकरण र वडाहरुको खण्डिकृत प्रोफाईल निर्माण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१०३. नगरको समग्र सेवा प्रवाह तथा विकास गतिविधि आम जनतासँग पुर्‍याउन पत्र पत्रिका रेडियो, टेलिभिजन कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१०४. आम नगरवासीलाई अध्ययन, अनुसन्धान तथा सूचनाको आधुनिक प्रविधिसँग जोड्न नगरपालिका भित्र ज्ञान केन्द्र स्थापनाको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

१०५. वरवा शहरी स्वास्थ्य क्लिनिकको लागि रु ३ लाख, स्वास्थ्य चौकीको अधुरो ट्रष्ट निर्माणको लागि रु ८ लाख, वडा नं १, ३, ६ र ७ को आधारभुत स्वास्थ्य केन्द्रको तारवारको लागि १२ लाख र नवस्थापित आधारभुत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत करार तथा ज्यालादारीमा कार्यरत कर्मचारी तथा प्रशासनिक कार्यको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।

१०६. राष्ट्रसेवक कर्मचारीहरुको कार्यक्षमता वृद्धि र उच्च मनोवल कायम गरी कार्यस्थलमा खट्ने वातावरण तयार गर्न कर्मचारीहरुका लागि कार्य सम्पादनमा आधारित प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१०७. देश भित्रका आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक पक्षहरुको मौलिक अध्ययन र त्यसको सकारात्म

प्रभावलाई नगरको समग्र विकासमा सामेल गराउन देश दर्शन कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७८/७९ को राजश्व सम्वन्धि कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१०८. प्रचलित कानून बमोजिम लगाउन सकिने राजश्वका सबै श्रोतहरुको वस्तुपरक पहिचान, विश्लेषण, प्रक्षेपणलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गर्दै नगरपालिकालाई आत्म निर्भर बनाउदै लैजाने व्यवस्था मिलाएको छु । साथै समयमा नियमित कर बुझाउने करदाताहरुलाई करमा छुट, सहुलियत दिने व्यवस्था मिलाएको छु ।

१०९. एकल महिला, अशक्त, जेष्ठ नागरीकहरुले नगरपालिकाबाट लिने सिफारिसहरु निशुल्क तथा अन्य सेवाहरुमा आवश्यक छुट सहुलियत उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

११०. आन्तरीक आय अभिबृद्धिका लागि स्रोतहरुको सम्भाव्यता अध्ययन गरी राजश्व सुधार कार्ययोजना तयार पारि कर सचेतना, घुम्ति शिबिर, कर सम्वन्धि प्रशिक्षण जस्ता कार्यक्रमहरु कार्यान्वयनमा ल्याईएको छ । राजस्व संकलनलाई करदाता मैत्री बनाउन सम्पूर्ण वडाहरुमा सूचना प्रविधिमा आधारित कर संकलन प्रणालीलाई व्यवस्थापन गरि करदाताहरुले बुझाउनु पर्ने सबै प्रकारका करहरु सवै वडाहरुमा बुझाउन सकिने व्यवस्था मिलाएको छु ।

१११. नगरपालिकाबाट माथि उल्लेखित कार्यहरु पूरा गर्न आन्तरीक आयका स्रोतहरुबाट ३ करोड ३७ लाख ६५ हजार, संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान रु.९३ करोड ८७ लाख २१ हजार, राजश्व बांडफांडबाट २२ करोड ६७ लाख ६२ हजार ४ सय ८०, लागत सहभागिताबाट २ करोड ५०लाख र चालु आ.व.मा विनियोजन गरेको रकम मध्ये खर्च नभइ बांकी रहन सक्ने रु.५ करोड ९० लाख अनुमान गरी जम्मा १ अर्ब २८ करोड ३२ लाख ४८हजार ४ सय ८० को बजेटको व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष महोदय,

११२. जनस्तरबाट वास्तविक समस्या पहिचान गरी माग भई आएका तर नगरपालिकाको स्रोतबाट संचालन गर्न प्राथमिकतामा राखी संघ तथा प्रदेश सरकारसंग माग तथा पहल गर्ने ब्यवस्था मिलाएको छु ।

११३. सीमित साधन र स्रोतका बावजुत प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट नगरबासीहरुको जीवनस्तरमा सुधार आउनुका साथै जनतासग स्थानीय सरकारको उपस्थिति थप प्रभावकारी हुँदै जानेछ भन्ने विश्वास लिएको छु ।

११४. नगरपालिकाले अवलम्बन गरेको स्पष्ट रणनीति, समन्वय, सहकार्य र नगरबासीहरुको ऐक्यवक्ताले विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसको संक्रमणबाट जीवन रक्षा गर्न प्रत्यक्ष र अप्रत्यक्षरुपमा सहयोग गर्नु हुने विभिन्न संघसंस्था एवं नगरबासीहरु प्रति आभार व्यक्त गर्दै आगामी दिनमा समेत स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरी सुरक्षित जीवनशैली अपनाउन सबै नगरवासीहरुमा अनुरोध गर्न चाहान्छु ।

११५. बिपदमा परेका जनताहरुलाई सहयोग गर्ने उदेश्यले नगरबाट स्थापना गरिएको प्रकोप व्यवस्थापन कोषमा नगद तथा जिन्सी सहयोग गर्नुहुने सम्पुर्ण व्यक्ति एवं संघसंस्थाहरुलाई विशेष धन्यबाद दिन चाहान्छु ।

११६. बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा उल्लेखनीय सहयोग गर्नु हुने माननीय संघीय तथा प्रदेश सांसद ज्यूहरु, पूर्व माननीय सांसदहरु ज्यूहरु, नगर प्रमुखज्यू, नगरमा क्रियाशिल राजनितिक दलहरु, वडाध्यक्ष ज्यूहरु,

कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, राजश्व परामर्श समिति, विभिन्न विषयगत समिति, टोल विकास संस्था, स्थानीय बुद्धिजिवी, नागरिक समाजका अगुवा, संघसंस्था, सहकारी, निजीक्षेत्र एवं संचारकर्मीहरुलाई विशेष धन्यवाद दिँदै आभार व्यक्त गर्न चाहन्छु । बजेट निर्माण कार्यमा अहोरात्र खटिई सहयोग गर्नुहुने नगरपालिकाका कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । हामीलाई रचनात्मक सुझाव र सल्लाह दिई नगरको आर्थिक र सामाजिक रुपान्तरण तथा समृद्धिमा निरन्तर सहयोग पुर्‌याउने सबै करदाता र नगरबासी प्रति आभार प्रकट गर्दछु ।

११७. अन्त्यमा, यस गरिमामय नगरसभामा उपस्थित हुनुहुने नगरसभाका सदस्यहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहान्छु । प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई मार्गदर्शनको रूपमा लिएर अगाडि बढ्ने विश्वास दिलाउँदै प्रस्तुत बजेट र कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको निरन्तर सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद ।

चक्रपाणी अर्याल

नगर उप–प्रमुख

नवौं नगरसभाको निर्णयहरु

<u>नवौं नगरसभा अधिवेशन प्रथम बैठक</u>

मितिः २०७८।०३।०२

<u>निर्णय नं. १</u>

बाणगङ्गा नगरपालिकाको नवौं नगरसभाको पहिलो वैठकको कार्यसूची अनुसार संचालन भएको अनुसूची-१ बमोजिमको कार्यतालिका र कार्यक्रम अभिलेख राख्ने ।

<u>निर्णय नं. २</u>

बाणगङ्गा नगरपालिकाको नवौं नगरसभाको पहिलो वैठकमा प्रस्तुत आर्थिक वर्ष ०७८।७९ को नीति तथा कार्यक्रममा नगर सभामा सभा सदस्यहरुले राखेका विषयवस्तुहरुको अनुसूची-२ बमोजिम अभिलेख राख्ने ।

<u>निर्णय नं. ३</u>

बाणगङ्गा नगरपालिकाको नवौं नगरसभाको पहिलो वैठकमा प्रस्तुत आर्थिक वर्ष ०७८।७९ को नीति तथा कार्यक्रम अनुसूची-३ बमोजिमको नीति तथा कार्यक्रम संसोधन सहित स्वीकृत गर्ने ।

नवौं नगरसभा अधिवेशन दोस्रो बैठक

मितिः २०७८।०३।०९

निर्णय नं. १

नवौं नगरसभा संचालन भएको अनुसूची-१ बमोजिमको कार्यतालिका र कार्यक्रम अभिलेखिकरण गर्ने ।

निर्णय नं. २

नवौं नगर सभाको दोस्रो बैठकमा नगर उपप्रमुख चक्रपाणि अर्यालद्वारा प्रस्तुत आर्थिक बर्ष २०७८।७९को बार्षिक बजेट तथा कार्यक्रम सहित १ अर्व २८ करोड ३२ लाख ४८ हजार ४ सय ८० रकम बरावर अनुसूची-२ मा उल्लेख भए बमोजिम प्रस्तुत बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

निर्णय नं. ३

नगरसभामा पेश भएको बाणगंगा नगरपालिकाको आ.व.२०७८।७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७८ र खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विनियोजन ऐन, २०७८ स्वीकृत गर्ने ।

निर्णय नं. ४

मिति २०७७ माघ २९ गते ओम सत्य साई कन्स्ट्रक्सनसँग बाणगङ्गा खोला अन्तर्गत भगलापुर र बनकसिया नाकाबाट ढुङ्गा गिटी बालुवा उत्खनन तथा संकलन गरी बिक्री गर्नका लागि बाणगङ्गा नगरपालिका र ठेकेदार बीच ठेक्का सम्झौता भई मितिः२०७८ जेठ मसान्त सम्म ६७८८० घन मीटर उत्खनन तथा संकलन गर्न पाउने गरी भएको सम्झौता अनुसारको कार्य सम्पादन भईरहेको समयमा जिल्ला समन्वय समिति कपिलवस्तुको च.नं.५८४ मिति २०७८।०१।०६ गते को निर्णय कार्यान्वयन सम्बन्धमा लेखिएको पत्रबाट उक्त नाकाको ठेक्का तत्काल बन्द गर्नको लागि निर्देशन प्राप्त भएकोले यस नगरपालिकाबाट मितिः २०७८।०१।०७ गते सम्बन्धीत ठेकेदारलाई नदीजन्य पदार्थ उत्खनन र निकासी कार्य बन्द गर्नका लागि पत्राचार गरी नगरपालिकाबाट मितिः२०७८ वैशाख ३० गते ठेकेदारले उत्खनन गरेको नदीजन्य पदार्थको परिमाण एकिन गर्न प्राविधिक टोली सहित स्थलगत निरिक्षण गर्दा ५३७०५ घनमिटर उत्खनन एवं संकलन गरिएको पाईएकोले मितिः२०७८।०२।०९ गते ठेकेदारलाई पुनः नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पत्राचार गर्दा २०७८।०२।२० मा पत्र बुझि ठेकेदारले नदिजन्य पदार्थ उत्खनन गर्न असमर्थ जनाउँदै आएको सन्द्धर्भ समेतलाई दृष्टिगत गरी हेर्दा ठेकेदारसँग यस नगर कार्यपालिकाको वैठकबाट प्रमाणित ५३७०५ घन मीटर नदीजन्य पदार्थ उत्खनन एवं संकलन गरिसकेको अवस्था देखिएकोले ठेकेदारले कबोल गरेको कबोल अंकको आधारमा हिसाव गरी हुन आउने रकम रू.२, २७, ६८, २७५।- र सो को १३ प्रतिशतले हुन आउने रू.२९, ५९, ८७६।- मूल्य अभिबृद्धि कर र १.५ प्रतिशतले हुने आउने अग्रिम आयकर रू.३, ४१, ६२५।- गरी जम्मा रू.२, ६०, ६९, ६७६।- ठेकेदारबाट असुल गरी मितिः२०७७।१०।२९ गतेको ठेक्का सम्झौता समाप्त गर्ने ।

निर्णय नं. ५

महालेखा परीक्षकको आ.व. २०७६ र ०७७ को यस नगरपालिकाको अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर छलफल भयो । प्रतिवेदनमा देखिएका सैद्धान्तिक विषयवस्तुहरुलाइ नगरपालिकाले क्रमश सुधार गर्दै भावि मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता व्यक्त गर्दे र नियमित गर्ने भनि उल्लेख गरेका देहायका दफाहरुमा नगरपालिकाको ध्यान आकर्षण भएकोले महालेखा परीक्षकको कार्यलयलाई प्रमाण खुल्ने कागजात, पुष्टि र जवाफ सहितका प्रतिकृया पठाइ सम्परिक्षण गरि नियमित गर्नको लागि अनुरोध गर्ने ।

निर्णय नं. ६

यस बाणगङ्गा नगरपालिकाबाट आर्थिक वर्ष २०७८।०७९ को लागि व्यवस्थापन गरिने तपसिलमा उल्लेखित आय ठेक्काहरुको न्यूनतम अङ्क निम्नानुसार स्वीकृत गर्ने ।

तपसिल

सि.नं.	आय शिर्षक	न्यूनतम अंक	कैफियत
१	नगरभित्र संकलन भई नगर बाहिर निकासी हुने कवाडी मालसमान	३, ००, ०००।-	
२	नगरभित्र उत्पादन भई नगर बाहिर निकासी हुने पशुजन्य, बनजन्य एवम् अन्य उत्पादन	७, ००, ०००।-	
३	नगरभित्र एक तह प्रसोधन भई नगर बाहिर निकासी हुने नदीजन्य पदार्थको भौतिक पूर्वाधार उपयोग तथा वातावरण व्यवस्थापन शुल्क	१, ५०, ००, ०००।-	

निर्णय नं. ७

आर्थिक वर्ष २०७८।०७९ को लागि व्यवस्थापन गरिने बाणगङ्गा नगरपालिका अन्तर्गत रहेका नदी तथा खोलाहरुबाट उत्खनन एवम् संकलन गरिने नदिजन्य पदार्थको आय ठेक्काको लागि तपसिल अनुसारको परिमाण र न्यूनतम ठेक्का अंक स्वीकृत गर्ने ।

तपसिल

सि. नं.	नदी/ खोलाको नाम	उत्खनन् र निकासि का लागि तोकिएको स्थान	आ.व. ०७८/०७९ मा बिक्रिका लागि तोकिएको परिमाण (घन मिटरमा)	बिक्रि गर्न सकिने जम्मा वार्षिक परिमाण (घन मिटरमा)	आ.व. ०७८/०७९ को लागि तोकिएको न्यूनतम अंक मु. अ. कर बाहेक रु

१	बाणगङ्गा नदी				
१.१	भगलापुर/ वनकसिया नाका	वनकसिया क्षेत्र १	१०८०८ घ.मि	६७८८० घ.मि	रु १ ९१ ७४६३५।–
		वनकसिया क्षेत्र २	५८६७ घ .मि		
		भगलापुर	५१२०४ घ.मि		
१.२	मधुवनधाम क्षेत्र नाका	मधुबन धाम क्षेत्र बा.न.पा ८ क.व	७५९६८ घन मिटर	७५९६८ घ.मि	रु २ १४५९२९९।-
२.	घिरि खोला	क्षेत्र नं. ४, पश्चिम जिनुवा पुल तलको क्षेत्र	२३२७ घन मि	४४०३८ घ.मि	रु.१२४३६३९६।-
		क्षेत्र नं. ५, श्री राम नि.मा.वि. क्षेत्र	१९५४ घन मि		
		क्षेत्र नं. ६, बक्सिसपुर क्षेत्र	४१३७ घन मि		
		क्षेत्र नं. ७, कालिका सा.व. क्षेत्र १	३७४७ घन मि		
		क्षेत्र नं. ८, कालिका सा.व. क्षेत्र २	४०५७ घन मि		
		क्षेत्र नं. ९, कालिका सा.व. क्षेत्र ३	५०७८ घन मि		
		क्षेत्र नं. १०, सालघारी टोल क्षेत्र १	७०७३ घन मि		
		क्षेत्र नं ११, सालघारी टोल क्षेत्र २	१५६६५ घन मि		
३.	कोईली खोला	क्षेत्र नं. १, खोजिपुर क्षेत्र	२४०२२ घ.मि	२४०२२ घ.मि	रु ६७८५७३५।–

निर्णय नं. ८

बाणगङ्गा नगरपालिकाको नवौं नगरसभा अधिवेसनको दोस्रो बैठकमा बोल्ने नगर सभा सदस्यहरुको नामावली अनुसूची-३ बमोजिम अभिलेख राख्ने ।

नवौं नगरसभा अधिवेशन तेस्रो बैठक

मितिः २०७८।०३।२१

निर्णय नं. १

आ.व.०७६।७७ मा बाणगंगा नगरपालिका, नगरकार्यपालिकाको बैठकले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने ।

निर्णय नं. २

आ.व.०७८।७९ मा संघ तथा प्रदेशमा माग गरिने समपुरक योजना, विशेष योजना, तराई मधेश लगाएतका योजनाहरुको प्रस्ताव गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. ३

वडा स्तरीय बजेटबाट सम्पदान हुने ५ लाख सम्मका योजनाहरु सम्बन्धीत वडाबाट अनुगमन गरि वडा कार्यालयको सिफारिस पत्रको आधारमा भूक्तानी प्रक्रिया अगाडी बढाउने र नगरपालिका तथा अन्य निकायको बजेटबाट सञ्चालित कार्यक्रम तथा योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्नानुसारको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने ।

अनुगमन तथा सुपरीवेक्षण समिति

संयोजक	-	*चक्रपाणी अर्याल नगर उपप्रमुख*
सदस्य	-	*प्रमुख प्रशासकीय अधिकृत*
सदस्य	-	*सम्बन्धित वडाको अध्यक्ष*
सदस्य	-	*भौतिक पूर्वाधार शाखा प्रमुख*
सदस्य सचिव	-	*योजना शाखा प्रमुख*

उक्त समितिमा नगर प्रमुख, कार्यपालिकाका अन्य सदस्य, शाखा प्रमुखहरु तथा विषय विज्ञ समेतलाई आमन्त्रण गर्न सकिनेछ ।

निर्णय नं. ७

आ.व.०७८।७९ मा नगरपालिकाबाट संचालित योजनाहरुको भुक्तानी दिनेक्रममा जाँचपास तथा फरफारक गर्नको लागि तपसिल बमोजिमको जाँचपास तथा फरफारक समिति गठन गर्ने ।

जाँचपास फरफारक समिति

नगर प्रमुख

नगर उपप्रमुख

प्रमुख प्रशासकीय अधिकृत

आर्थिक प्रशासन शाखा

प्रशासन शाखा

योजना शाखा

पूर्वाधार विकास शाखा

निर्णय नं. ८

आ.व.०७८।७९ मा संचालन हुने तालिम, गोष्ठी लगाएतका सबै कार्यक्रमहरुको आर्थिक नर्मस एउटै हुने गरि देहाय बमोजिम निर्धारण गर्ने ।

सि.नं.	खर्च शिर्षक	ईकाई	दर	कैफियत
१	श्रोत व्यक्ति पारिश्रमिक (बाह्य तथा बाहिरि जिल्ला)			
क)	कार्यपत्र वापत	प्रतिव्यक्ति/प्रति शेसन	२०००	
ख)	प्रवचन वापत	/प्रति शेसन	१५००	
२	हवाई टिकट आतेजाते वा अधिकतम ३००० (ट्राभल)	प्रति व्यक्ति		
३	श्रोत व्यक्ति पारिश्रमिक (आन्तरीक)			
क)	कार्यपत्र	प्रतिव्यक्ति/प्रति शेसन	१६००	
ख)	प्रवचन	/प्रति शेसन	१०००	
६	कार्यपत्रको टिप्पणी कर्ता	प्रति कार्यपत्र	१०००	
७	कार्यक्रम सहजकर्ता/व्यवस्थापक	१ पटक	१०००	
८	सहभागि यातायात खर्च			
क)	वडास्तरीय कार्यक्रम सम्बन्धित वडामा	प्रतिव्यक्ति	३००	
ख)	नगरस्तरीय कार्यक्रम नगरपालिकामा	प्रतिव्यक्ति	५००	

९	तालिम सहभागी भत्ता - नगरस्तरीय (बढीमा) - वडास्तरीय (बढीमा)	प्रतिव्यक्ति १००० ५००		
१०	स्टेशनरी			
क)	(३ दिने कार्यक्रम सम्म)		१००	
ख)	(३ दिन भन्दा लामो कार्यक्रम)		१५०	
११	तालिम सामाग्री	प्रतिदिन	१०००	
१२	खाना	प्रतिव्यक्ति	३५०	
१३	खाजा खर्च	प्रतिव्यक्ति	१५०	
१४	कार्यक्रम व्यवस्थापन उद्घाटन र समापन			
क)	राष्ट्रिय सभा सदस्य, प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य समेत उपस्थित हुने कुनैपनि कार्यक्रममा	उद्घाटन समापन	५००० ५०००	
ख)	नगरका पदाधिकारी एवं कर्मचारीमात्र उपस्थित हुने कम्तिमा ३ दिने कार्यक्रम	उद्घाटन समापन	२५०० २५००	
१५	कार्यक्रम संचार	प्रतिव्यक्ति सहभागी	१०	
१६	प्रस्ताव लेखन तथा प्रतिवेदन (फोटो बाहेक)	प्रति पाना	१००	
१७	अनुगमन	प्रतिव्यक्ति	१०००	
१८	ब्यानर	प्रति कार्यक्रम	८००	

- अनुगमन गर्दा प्रतिवेदन अनिवार्य पेश गर्नुपर्नेछ ।
- तालिम कार्यक्रम संचालन गर्दा विषयवस्तु, प्रस्तुतकर्ता सहितको कार्य तालिका पेश गर्नुपर्नेछ ।
- अन्य खर्च आवश्यकता अनुसार स्वीकृत प्रस्ताव बमोजिम हुनेछ ।
- माथी उल्लेख नभएको हकमा अर्थ मन्त्रालयबाट स्वीकृत कार्यसंचालन निर्देशिका २०७५ बमोजिम हुनेछ ।

निर्णय नं. १०

बाणगंगा नगरपालिका र अन्तर्गतका वडा कार्यालय, पिपरा अस्पताल, स्वास्थ्यचौकी आधारभूत स्वास्थ्य सेवा केन्द्र र शहरी स्वास्थ्य किलिनिक समेतको आ.व.०७७।७८ मा गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लेख दरबन्दी संरचना र सांगठनिक चार्ट स्वीकृत गरी सोही अनुसार कर्मचारी व्यवस्थापन गर्ने ।

निर्णय नं. ११

बाणगंगा नगरपालिकाका सबै नागरिक तथा संघसंस्थाहरुको लागि कुनै आयोजना माग गर्न प्रदेश तथा संघीय

निकायहरुमा गरिने सिफारिस, एकल महिला, महिला सहकारी, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरु लक्षित कार्यक्रम तथा योजना सम्बन्धि सिफारिसहरु नगरबाट निशुल्क गर्ने ।

निर्णय नं. १२

कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि र निर्देशिका बमोजिम हुने गरि सेवा प्रवाहको आधारमा विहान वेलुका र सार्वजनिक विदाको दिनमा समेत खटिई काम गर्नुपर्ने अवस्था समेतलाई मध्यनजर गर्दै नगरपालिका र वडा कार्यालयहरुमा कामकाजमा संलग्न कर्मचारीहरुलाई कार्यबोझ र ई-हाजीरिलाई समेत मध्यनजर राख्दै कार्य सम्पादन गरेको दिनको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराउने ।

निर्णय नं. १३

कार्यालयको सुरक्षार्थ खटिएका सुरक्षा गार्डहरु सार्वजनिक विदाको दिन र चाडपर्वहरुमा समेत कार्यालयमा खटिने हुँदा निजहरुले पाउने तलव स्केलको थप १ महिना बराबर रकम बर्षमा एकपटक उपलब्ध गराउने ।

निर्णय नं. १४

आ.व.०७७।७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना संचालनको लागि निम्नानुसारका वडाहरुमा निम्नानुसार योजना प्रस्ताव गर्ने ।

वडा नं	आयोजनाको नाम	माग गरिएको रकम

निर्णय नं. १५

यस कार्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत हलुका सवारी चालकहरु कार्यालय समयबाहेक समेत नगर प्रमुख, नगर उपप्रमुख र कार्यालय प्रमुखहरुलाई लिएर विभिन्न कार्यक्रममा जानुपर्ने हुनाले निजहरुलाई कार्यालय नजिक निवास व्यवस्थापन गर्न रु.३०००।- मासिक उपलब्ध गराउने ।

निर्णय नं. १६

रकमान्तर सम्बन्धमा

निर्णय नं. १७

कोषहरु.

निर्णय नं. १८

बाणगङ्गा नगरपालिकाको कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ स्वीकृत गर्ने

निर्णय नं. १९

नगरपालिकाको क्षेत्रभित्र नदिजन्य पदार्थ उत्खन्न एवं सकंलन गर्ने कार्य निषेध गरेको अवस्थामा नदि/

खोलाबाट नदिजन्य पदार्थ चोरी निकासी गर्ने सवारी साधनबाट असुल भएको जरिवाना बापतको रकम मध्येबाट जरिवाना असुलीका लागि प्रत्यक्ष सहयोग गर्नु हुने सुरक्षा निकाय, संघ-संस्था वा व्यक्तिलाई २५ प्रतिशत बराबरको हुने रकम प्रोत्साहन बापत उपलब्ध गराउने ।

निर्णय नं. २०

बाणगङ्गा नगरपालिकालाई विपक्षी बनाई जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा दर्ता भएका रिट निवेदन उपर छलफलमा भाग लिन, लिखित जवाफ लगायतका कार्यहरु गर्नको लागि नगरपालिकाको पक्षबाट नगर प्रमुख श्री मंगल प्रसाद थारुज्यूलाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. २१

बाणगङ्गा नगरपालिका वडा नं. ९ अर्न्तरगतको नमूना सार्वजनिक वनको खाली जग्गामा ल्याण्ड फिल्ड साइड तथा फोहर प्रशोधन केन्द्र निर्माण गर्नका लागि आवश्यक कागजात तयार गरी स्वीकृतीका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने तत् पश्चात निर्माण कार्य अगाडी बढाउने ।

निर्णय नं. २२

पिपरा अस्पताललाई स्तरोन्नती गरी ५० शैयाको अस्पतालको रुपमा विस्तार गर्न सोही अस्पतालको उत्तर क्षेत्रको बनको जग्गा प्राप्तीका लागि आवश्यक कागजात सहित स्वीकृतीका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने ।

अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन-२०७८

आर्थिक ऐन-२०७८

बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धि प्रस्तावहरुलाई कार्यान्वयन गर्नका निमित्त राजस्व संकलन गर्ने, करका दरहरुलाई घटाउने बढाउने तथा समयानुकुल परिमार्जन गर्ने, छुट तथा सहुलियत दिने, करका आधारहरु विस्तार गर्ने, तथा राजस्व प्रशासनलाई पारदर्शी, जवाफदेही, जिम्मेवारी एवं न्यायपुर्ण बनाउन आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बाणगङ्गा नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८ " रहेको छ ।

(२) यो ऐन नगरसभाले पारित गरी २०७८ साल श्रावण १ गतेदेखि बाणगङ्गा नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. बाणगङ्गा नगरपालिकाबाट असुल हुने कर, दस्तुर एंव सेवा शुल्क

२.१ सम्पति करः

बाणगङ्गा नगरपालिका क्षेत्रभित्रका घर र घरले चर्चेको जग्गाको दोब्बर जग्गासम्म अनुसूचि (१) बमोजिम सम्पत्ती कर लगाइने र असूल उपर गरिनेछ । सालबसाली नियमित रूपमा कर बुझाउदै आएको करदाताले सम्पत्ति कर २०७८ पौष मसान्त भित्र बुझाएमा १० प्रतिशतले छुट दिईनेछ ।

२.२ भूमिकर (मालपोत):

बाणगङ्गा नगरपालिका क्षेत्रभित्र रहेका सम्पत्ति कर लगाउने भनि तोकिएको घर जग्गा बाहेकको अन्य जग्गामा भूमिकर लगाइनेछ । सालबसाली नियमित रूपमा कर बुझाउदै आएको करदाताले भूमिकर २०७८ पौष मसान्त भित्र बुझाएमा १० प्रतिशतले हुने रकम छुट दिईनेछ । सम्पत्ति कर र भूमिकर असुल गर्दा एकै पटक एउटै रसिदबाट असुल उपर गरिनेछ ।

२.३ घर वहाल करः

(क) बाणगङ्गा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा कुल रकमको १० प्रतिशतको दरले बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

(ख) नगरपालिकाको स्वामित्वमा रहेका ग्रेडर, रोलर, पानी ट्याङ्की, व्याकहो लोडर (जे.सि.वि.) प्रयोग गरे बापत अनुसूचि (२) बमोजिमको बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

२.४ व्यवसाय करः

बाणगङ्गा नगरपालिका क्षेत्रभित्र संचालित व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । कुनै पनि एकल महिला, असहाय र अपांग व्यक्तिले आफ्नो नाममा रहेको जुनसुकै व्यवसाय दर्ता गर्न आएमा व्यवसाय कर बापत लाग्ने रकममा ५०(पचास) प्रतिशत रकम छुट दिईने छ । साथै व्यवसाय कर बुझाउने करदाताले असोज मसान्त भित्र व्यवसाय कर बुझाएमा १० प्रतिशतले हुने रकम छुट दिईनेछ ।

२.५ जडिबुटी, कवाडी र जीवजन्तु करः

बाणगङ्गा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) मा उल्लेख भए बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

२.६ सवारी साधन करः

बाणगङ्गा नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका सवारी साधनहरूमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

२.७ विज्ञापन करः

बाणगङ्गा नगरपालिका क्षेत्रभित्र सार्वजनिक एंव निजी क्षेत्रमा हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

२.८ मनोरन्जन करः

बाणगङ्गा नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) एंव प्रदेश सरकारबाट

तोकिए बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ ।

२.९ बहाल बिटौरी शुल्कः

(१) बाणगङ्गा नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत सोही अनुसूचिमा उल्लेख भए बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(२) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा राखेका पसलहरूमा स्थानीय स्तरमा असुल हुदै आएको दररेटमा नबढ्ने गरि नगरकार्यपालिकाले तोकेको दरमा शुल्क लगाउने र असुल उपर गरिनेछ । सो को व्यवस्थापन वडा कार्यालय मार्फत मिलाईने छ ।

२.१० सेवा शुल्क, दस्तुरः

बाणगङ्गा नगरपालिकाबाट उपलब्ध गराइएको विभिन्न सेवाहरुमा सेवाग्राहीबाट अनुसूचि(९) मा उल्लेखित शुल्क तथा दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

२.११ बिक्रि तथा नगर निकासी शुल्कः

(१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थान, नदी वा खोलाबाट काठ, दाउरा, जराजुरी आदि प्राकृतिक एवं खानिजन्य वस्तुहरुको बिक्रि गर्न सक्नेछ । नगरपालिकाको क्षेत्रभित्र पर्ने निजि जग्गाहरुबाट उत्खन्न एंव संकलन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटोको सोहि स्थानमा निजि प्रयोजनमा प्रयोग हुने बाहेक अन्य स्थान वा व्यवसायिक प्रयोजनमा लैजानु परेमा नगरपालिकाले शुल्क असुल गर्नेछ र सो को रोयल्टी/ शुल्क लिने दर प्रदेश सरकारबाट तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमा क्षेत्र भन्दा बाहिर निकारी हुने बनकस, ब्रान, पिना, भेलि, सालको बिया आदि जस्ता वस्तुहरुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ । नगरपालिकाले लगाउने नगर निकासी शुल्कको दर अनुसूची-१० मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) नगरपालिकाले नगर क्षेत्र भित्र उत्पादन भै आफ्नो सिमा क्षेत्र भन्दा बाहिर निकासी हुने पशु तथा पंक्षीजन्य र वनजन्य वस्तुको बाह्य निकासीमा अनुसूची १० मा उल्लेख भए बमोजिमको दररेटको निकासी शुल्क लगाउन सक्नेछ ।

२.१२ दण्ड, जरिवाना:

(१) नगरपालिकाले लिने विभिन्न कर, दस्तुर र शुल्कमा विलम्ब गर्ने करदाताबाट अनुसूचि (११) बमोजिम जरिवाना लगाउने र असुल उपर गरिनेछ ।

(२) नगरपालिकाको क्षेत्रभित्र रहेका नदी एंव खोलानालाहरूबाट नदीजन्य पदार्थ उत्खन्न एंव संकलन गर्नका लागि निषेध गरेको अवस्थामा चोरी निकासी गर्ने सवारी साधनहरुबाट अनुसूचि (१२) बमोजिम दण्ड जरिवाना लगाउने र असुल उपर गरिनेछ ।

२.१३ भौतिक पूर्वाधार उपयोग तथा वातावरण व्यवस्थापन शुल्क:

बाणगङ्गा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका भौतिक पूर्वाधारहरू उपयोग गर्ने तथा वातावरणमा प्रतिकूल प्रभाव पार्ने एक तह प्रशोधन भएको नदीजन्य पदार्थ उत्पादन गर्ने क्रसर उद्योग, रोडा उद्योग, प्रशोधन केन्द्र

एंव सप्लायर्सहरुबाट उत्पादित एक तह प्रशोधन भएको नदीजन्य पदार्थ(गिट्टी, बालुवा) नगर देखि बाहिर निकासी गर्दा अनूसूची (१३) मा उल्लेख भए बमोजिमको दररेटमा भौतिक पूर्वाधार उपयोग तथा वातावरण व्यवस्थापन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

२.१४ घरनक्सा सेवा शुल्क

बाणगङ्गा नगरपालिकाले आफ्नो क्षेलभित्रका भवन तथा अन्य संरचनाहरुको निर्माण पूर्व देखि निर्माण पश्चात सम्मका सबै सेवा, तोकिएको समयभित्र निर्माण भएका भवन तथा अन्य सरंचनाहरुको अभिलेखिकरण दण्ड जरिवाना लगाएतका शुल्कहरु अनुसूची (१४) मा उल्लेख भए बमोजिमको दररेटमा राजस्व तथा शुल्कहरु लगाईने र सोही अनुसार असुल उपर गरिने छ ।

३. छुट:

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर सबै करदाताले समान रूपमा सुविधा पाउने गरी तोकिएको समयावधिभित्र कर बुझाउने नियमित करदातालाई पहिले नै निर्धारण गरिएको दरमा छुट दिन यस दफाले बाधा गर्ने छैन ।

४. नियम वा कार्यविधि बनाउन सक्ने:

बाणगङ्गा नगरपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयनका लागि आवश्यक नियम, मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ ।

५. ऐनमा संशोधन:

बाणगङ्गा नगरपालिकाको नगरसभाले यस ऐनलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

६. बचाउ र खारेजी:

(१) यो ऐन जारी गर्नु अघि कर, दस्तुर र शुल्क व्यवस्थापन सम्बन्धी भए गरेका निर्णयहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) साविकमा बाणगङ्गा नगरपालिकाले कर, दस्तुर, शुल्क आदि व्यवस्थापनका लागि गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग बाझिएको हदसम्म स्वत: खारेज हुनेछन ।

अनुसूची-१

सम्पत्ति करको दर

क्र.स	करयोग्य सम्पत्तिको मूल्य	आ.ब ०७८/७९ को दर	कैफियत
१	पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा	जग्गामात्र भएकोमा एक मुष्ठ रु ६०।– र घरबास समेत भएकोमा एकमुष्ठ रु. ३२०।– (तीनसय बीस)	
२	पाँच लाख देखि पचास लाख रुपैयाँसम्म	प्रति लाख रु. (१५) पन्ध्र	
३	एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म	प्रति लाख रु (२५) पच्चीस	
४	एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म	प्रति लाख रु. (३०) तीस	

५	दुई करोड एक लाख रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म	प्रति लाख रु.(३५) पैतीस	
६	तिन करोड एक लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म	प्रति लाख रु. (५०) पचास	
७	पाँच करोड भन्दा माथि	प्रति लाख रु. (५५) पचपन्न	

नोट : मुल्यांकन रकमलाई रु. लाखमा (Round Figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ । न्यूनतम करको दर मालपोत एंव भूमिकर असुलीको हकमा रु. ६०।– र सम्पत्ति करको हकमा घरबास, घरबासले चर्चेको जग्गा र सो को दोब्बर जग्गा सम्म रु. ३२०।– निर्धारण हुनेछ । माथि उल्लेखित दरको आधारमा लाग्ने करको उदाहरण

क्र.स	मुल्यांकन लाखमा	आ.ब ०७८/७९ को दर	कैफियत
१	५०	१५	
२	१००	२५	
३	२००	३०	
४	३००	३५	
५	५००	५०	
६	५०० भन्दा माथी	५५	

सम्पति करको मुल्यांकनका लागि जग्गा र संरचनाको मुल्यांकन विधि जग्गा तथा संरचनाको बर्गिकरण र सो अनुसारको दर बाणगंगा नगरपालिकाको सम्पति कर व्यवस्थापन कार्यबिधि २०७५ बमोजिम हुनेछ । माथि उल्लेखित दरको आधारमा मिति २०७८ साल पौष मसान्त सम्म सम्पत्ति कर बुझाउने करदातालाई जम्मा कर रकमको १० प्रतिशत छुट हुनेछ ।

अनुसूचि-२

नगरपालिकाको स्वामित्वमा रहेका तपशिल अनुसारका साधनहरुको बहाल (भाडा) करको दर :

क्र स	साधनहरुको नाम	आ.ब ०७८/७९ को दर	कैफियत
१	एक्साभेटर भाडा प्रति घण्टा	१०००	
२	रोलर भाडा प्रति दिन	६०००	
३	पानी टंकी प्रति दिन	१५००	
४	ग्रेडर प्रति घण्टा	३०००	

नोट: माथि उल्लेखित भाडाका साधनहरु प्रयोग गर्ने पक्षले ईन्धन बापत लाग्ने खर्च रकम र चालकको दैनिक भत्ता वापत रु. १०००।०० (एक हजार) का दरले व्यवस्था गर्नु पर्नेछ । दिनको हिसावले भाडामा लैजादा प्रति दिन भन्नाले ८ (आठ) घण्टालाई जनाउने छ । सो भन्दा बढि प्रयोग गरेको पाईएमा दामासाहिको हिसावले थप रकम बूझाउनू पर्नेछ । व्याकहो लोडर (जे.सि.वि.) र ग्रेडर संचालन गर्दा प्रति घण्टाको हिसावले पनि उपलव्ध गराउन सकिनेछ । अत्यावश्यक परेको अवस्थामा

बाहेक दिनमा लगातार ८ घण्टा भन्दा बढी हेभी मेशिनहरु संचालन गरिने छैन । अन्य व्यवस्था यस नगरपालिकाको हेभि मेशिनरी संचालन निर्देशिका २०७६ बमोजिम हुनेछ ।

अनुसूची-३

व्यवसाय करको दर

क्र.स	विवरण	आ.ब ०७८/७९ को दर	कैफियत
१	व्यवासायिक वस्तु :		
१.१	चुरोट, मदिरा एंव सूर्तिजन्य पसल (थोक एंव खुद्रा बिक्रेता)		
	रु ५० लाख भन्दा माथि	१००००	
	रु २० लाखदेखि ५० लाख सम्म	६०००	
	रु ५ लाखदेखि २० लाख सम्म	४०००	
	रु ५ लाख सम्म	२०००	
१.२	सुन चाँदी तथा गहना बनाउने पसल (ज्वेलरी)		
	रु ३० लाख भन्दा माथि	१५०००	
	रु २० लाख देखि ३० लाख सम्म	१००००	
	रु १० लाख देखि २० लाख सम्म	५०००	
	रु १० लाख सम्म	३०००	
१.३	भिडियो, क्यसेट, रिकर्डर तथा प्लेयर, टेलिभिजन, फ्रिज, वाशिङमेशिन, कम्प्यूटर, ल्यापटप, मोवाइल, विद्युत समान, क्यामेरा, रेडियो आदिको थोक तथा खुद्रा बिक्रि गर्ने		
	रु ५० लाख भन्दा माथि	१००००	
	रु २० लाख देखि ५० लाख सम्म	५०००	
	रु १० लाख देखि २० लाख सम्म	३०००	
	रु १० लाख सम्म	१०००	
१.४	निर्माण सामाग्री (हार्डवेयर पसल)		
	रु ५० लाख भन्दा माथि	१५०००	
	रु २० लाख देखि ५० लाख सम्म	१००००	
	रु १० लाख देखि २० लाख सम्म	५०००	
	रु ५ लाख देखि १० लाख सम्म	३०००	
	रु ५ लाख सम्म	१०००	
१.५	कार्पेट पर्दा अन्य फर्निर्शिङ पसल		
	रु २० लाख भन्दा माथि	५०००	
	रु १० लाख देखि २० लाख सम्म	३०००	
	रु ५ लाख देखि १० लाख सम्म	२०००	

क्र.स	विवरण	आ.ब ०७८/७९ को दर	कैफियत
	रु ५ लाख सम्म	१०००	
१.६	पेट्रोलियम पदार्थ		
	रु ५० लाख भन्दा माथि	१५०००	
	रु २० लाख देखि ५० लाख सम्म	१००००	
	रु २० लाख सम्म	५०००	
१.७	दैनिक उपभोग्य खाद्यान्न, तरकारी, फलफूल, दूध डेरी, ग्यास समेत		
	रू. ५ लाख सम्म	१०००	
	रू. ५ लाख देखि १० लाख सम्म	१५००	
	रू. १० लाख देखि २० लाख सम्म	२०००	
	रू. २० लाख भन्दा माथी	३०००	
१.८	चिया, कफी, खाना, नास्ता, मिठाई, आईसक्रिम पसल आदि		
	रू. ५ लाख सम्म	१०००	
	रू. ५ लाख देखि १० लाख सम्म	१५००	
	रू. १० लाख देखि २० लाख सम्म माथी	२०००	
	रू. २० लाख भन्दा माथी	३०००	
१.९	कपडा पसल, रेडिमेड कपडा(फेन्सी) पसल, जुत्ता चप्पल पसल		
	रु २० लाख भन्दा माथि	१००००	
	रु १० लाख देखि २० लाख सम्म	५०००	
	रु ५ लाख देखि १० लाख सम्म	३०००	
	रु ५ लाख सम्म	१०००	
१.१०	सवारी साधन बिक्रेता		
	हेभी ट्रक टिपर बस समेत	२००००	
	मिनि बस, मिनि ट्रक	१५०००	
	ट्याक्टर	१००००	
	हलुका सवारी साधन	७०००	
	दुई पाँङ्ग्रे सवारी साधन इन्जिन जडित	५०००	
१.११	व्यवसायीले कुनै पनि सामानको डिलर राखी बिक्री वितरण र कुनै समानको थोक पसल राखेमा		
	रु ५ करोड भन्दा माथि	२००००	
	रु १ करोड देखि ५ करोड सम्म	१५०००	
	रु ५० लाख देखि १ करोड सम्म	१००००	
	रु २० लाख देखि ५० लाख सम्म	७०००	
	रु १० लाख देखि २० लाख सम्म	५०००	

क्र.स	विवरण	आ.ब ०७८/७९ को दर	कैफियत
	रु १० लाख सम्म	३०००	
१.१२	फर्निचर शोरुम		
	रु ५ करोड भन्दा माथि	२५०००	
	रु १ करोड देखि ५ करोड सम्म	१५०००	
	रु ५० लाख देखि १ करोड सम्म	१००००	
	रु २० लाख देखि ५० लाख सम्म	७०००	
	रु १० लाख देखि २० लाख सम्म	५०००	
	रु ५ लाख देखि १० लाख सम्म	२०००	
	रु ५ लाख सम्म	१०००	
१.१३	स्टेशनरी, टाइबेल्ट, स्कुलड्रेस, गिफ्ट तथा खेलौना पसल		
	रु ५० लाख भन्दा माथि	१००००	
	रु २० लाख देखि ५० लाख सम्म	८०००	
	रु १० लाख देखि २० लाख सम्म	५०००	
	रु ५ लाख देखि १० लाख सम्म	३०००	
	रु ३ लाख देखि ५ लाख सम्म	२०००	
	रु ३ लाख सम्म	१०००	
